# प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार काठमाडौं।

२०७८, श्रावण

सदस्य सदस्य सदस्य अध्यक्ष

## प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन
## कार्यविधि, २०७८

आयोगबाट स्वीकृत मिति : २०७८।०४।१८

**प्रस्तावना**

संवैधानिक अंगको रुपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले मुलतः संविधानको भाग २६ को धारा २५१ मा भएको व्यवस्था अनुसार नेपालमा वित्तीय संघीयताको कार्यान्वयनमा प्रभावकारिता ल्याउन महत्वपूर्ण योगदान दिएको छ। नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लाई आफ्नो कार्य सम्पादनको सम्बन्धमा मूल आधारमा लिंदै अगाडि बढेको यस आयोगले संघ, प्रदेश तथा स्थानीय तहका लागि वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँट, वित्तीय समानिकरण अनुदान तथा रोयल्टी बाँडफाँट), सशर्त अनुदानको आधार सिफारिस तथा आन्तरिक ऋणको सीमा सम्बन्धी सिफारिस गर्ने गर्दछ।

यसै सन्दर्भमा आयोगले आफूले दिने सुझाव तथा सिफारिसका सन्दर्भमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) ले प्रदेश तथा स्थानीय तहको कार्य सम्पादनलाई समेत आधार लिनुपर्ने व्यवस्था गरेको छ।

अतः ऐनको दफा ३ को उपदफा (२) बमोजिम आयोगले आफुले प्रदान गर्ने सुझाव वा सिफारिसको सन्दर्भमा प्रयोग गर्न प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन सुचकहरूको निर्माण तथा उक्त सुचकहरूको मूल्याङ्कनका लागि सोही ऐनको दफा २३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ तर्जुमा गरी लागु गरेको छ।

### परिच्छेद - एक
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि, २०७८" रहेको छ।

२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** यस कार्यविधि अनुसार विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "आयोग" भन्नाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई जनाउनेछ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ लाई जनाउनेछ।

(ग) "प्रदेश" भन्नाले प्रदेश सरकारलाई जनाउनेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकालाई जनाउनेछ।

(ङ) "कार्य सम्पादन सूचक" भन्नाले यस आयोगले प्रदेश तथा स्थानीय तहले गरेका कार्यको मूल्याङ्कन गर्ने प्रयोजनको लागि तर्जुमा गरेका सूचकहरूलाई जनाउनेछ।

(च) "मूल्याङ्कन" भन्नाले आयोगले तर्जुमा गरेका सूचक बमोजिमका प्रदेश तथा स्थानीय तहको जिम्मेवारीमा रहेका कार्यको प्रगतिलाई ती सूचकहरूलाई निर्धारण गरेको भार (प्रतिशत) अनुसार गरिने लेखाजोखालाई जनाउनेछ।

(छ) "अनलाईन पोर्टल" भन्नाले यस आयोगले प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन गर्न तय गरेका सूचकहरुको प्रगति अवस्थाको जानकारी तत् तत् तहले विद्युतिय माध्यमबाट आयोगलाई उपलब्ध गराउने प्रयोजनको लागि आयोगले निर्माण गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाईन प्रणालीलाई जनाउनेछ।

## परिच्छेद - दुई

## कार्य सम्पादन सूचक निर्माण गर्दा लिइएका आधार तथा विषयक्षेत्र

३. **कार्य सम्पादन सूचक निर्माण गर्दा लिइएका आधार** : १) कार्य सम्पादन सूचक निर्माण गर्दा खास गरी निम्न पक्षलाई आधारका रुपमा लिइएका छन् :

(क) नेपालको संविधानको भाग ३ "मौलिक हक र कर्तव्य", भाग ४ "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व", भाग ५ "राज्यको संरचना र राज्य शक्तिको बाँडफाँट", भाग १० "संघीय आर्थिक कार्य प्रणाली", भाग १६ "प्रदेश आर्थिक कार्य प्रणाली", भाग १९ "स्थानीय आर्थिक कार्य प्रणाली", भाग २० "संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध" र भाग २६ "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग" सम्बन्धी व्यवस्थाहरू।

(ख) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ङ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६

४. **कार्य सम्पादन सूचकले समेटेका विषयक्षेत्र** : १) कार्य सम्पादन सूचकहरू निम्न पक्षलाई मध्यनजर गरी निर्माण गरिएका छन् :

(क) प्रदेश तथा स्थानीय तहको वित्तीय सुशासनको क्षेत्र,

(ख) प्रदेश तथा स्थानीय तहको आर्थिक कार्य प्रणालीको अवस्था,

(ग) प्रदेश तथा स्थानीय तहको राजस्व परिचालनको अवस्था,

(घ) प्रदेश तथा स्थानीय तहले अपनाएको कानुन कार्यान्वयनको अवस्था,



सदस्य सदस्य सदस्य अध्यक्ष

(ङ) प्रदेश तथा स्थानीय तहले वातावरण संरक्षणमा पुऱ्याएको योगदान,

(च) प्रदेश तथा स्थानीय तहको विकास व्यवस्थापनको अवस्था,

(छ) प्रदेश तथा स्थानीय तहको शासकीय प्रबन्धको अवस्था,

(ज) प्रदेश तथा स्थानीय तहले यस आयोगले निर्माण गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टलको प्रयोगको अवस्था।

## परिच्छेद - तीन
## कार्य सम्पादन सूचक तथा मूल्याङ्कन प्रकृया र उपयोग

**५. कार्य सम्पादन सूचक :** १) प्रदेश सरकारको कार्य सम्पादन मापन गर्नको लागि आयोगले तर्जुमा गरेका सूचक अनुसुची १ मा उल्लेख भएअनुसार हुनेछन्।

२) स्थानीय तहको कार्य सम्पादन मापन गर्नको लागि आयोगले तर्जुमा गरेका सूचक अनुसूची २ मा उल्लेख भए अनुसार हुनेछन्।

**६. कार्य सम्पादन सूचकको व्याख्या, अङ्कभार तथा मूल्याङ्कन प्रकृया :** १) प्रदेश सरकारका सन्दर्भमा आयोगले तर्जुमा गरेका अनुसूची १ मा उल्लेखित कार्य सम्पादन सूचकको व्याख्या, अङ्कभार तथा मूल्याङ्कन सम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछन्।

२) स्थानीय तहका सन्दर्भमा आयोगले तर्जुमा गरेका अनुसुची २ मा उल्लेखित कार्य सम्पादन सूचकको व्याख्या, अङ्कभार तथा मूल्याङ्कन सम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा उल्लेख भएअनुसार हुनेछन्।

**७. कार्य सम्पादन मूल्याङ्कन समयावधि र आधार पुष्टिसम्बन्धी व्यवस्था :** १) यस आयोगले प्रदेश तथा स्थानीय तहका सन्दर्भमा तर्जुमा गरी प्रयोगमा ल्याएका कार्य सम्पादन सूचकको प्रत्येक आर्थिक वर्षको माघ महिनाको तेस्रो हप्ता भित्र तथ्याङ्क सङ्कलन गरी मूल्याङ्कन गर्नेछ।

२) यस आयोगले प्रदेश तथा स्थानीय तहको सन्दर्भमा तर्जुमा गरी प्रयोगमा ल्याएका कार्य सम्पादन सूचकहरूको अनुसूची ३ र ४ मा उल्लेख गरिए अनुसार पुष्ट्याईं हुने आधार पुऱ्याउने जिम्मेवारी स्वयम् प्रदेश तथा स्थानीय तहको हुनेछ।

३) प्रदेश तथा स्थानीय तहले कार्य सम्पादन सूचकका सन्दर्भमा अनुसूची ३ र ४ मा उल्लेख गरिएका पुष्ट्याईं हुने आधार अनुसूची ३ र ४ मा उल्लेखित समयावधि भित्र आयोगले निर्माण गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा अपलोड (Upload) वा प्रविष्टि गरी सक्नुपर्नेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

४) उपदफा (३) अनुसार समयमा अपलोड वा प्रविष्टि नभएका कार्य सम्पादन सूचक वापत निर्धारित अङ्कभार मूल्याङ्कनको क्रममा प्रदान गरिने छैन।

८. **कार्य सम्पादन नतिजाको उपयोग** : १) यस कार्यविधि अनुसार प्रदेश सरकारको कार्य सम्पादन मूल्याङ्कनबाट प्राप्त हुने नतिजालाई यस आयोगले सङ्घीय सञ्चित कोषबाट प्रदेश सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्य सम्पादन मूल्याङ्कनको आधारमा उपलब्ध गराइने अनुदान सिफारिसको लागि उपयोग गरिनेछ।

२) यस कार्यविधि अनुसार स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कनबाट प्राप्त हुने नतिजालाई यस आयोगले क्रमशः सङ्घीय सञ्चित कोष र प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान अन्तर्गत कार्य सम्पादन मूल्याङ्कनको आधारमा उपलब्ध गराइने अनुदान सिफारिसको लागि उपयोग गरिनेछ।

३) उपदफा (१) र (२) बमोजिम कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइने अतिरिक्त अनुदानलाई वित्तीय समानिकरण अनुदान अन्तर्गत अलग्गै देखिने गरी सिफारिस गरिनेछ।

९. **मूल्याङ्कन नतिजाको पुनरावलोकन** : १) आयोगले प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन गर्न तर्जुमा गरिएका कार्य सम्पादन सूचक र ती सूचकलाई तोकिएको अङ्कभार तथा दफा ७ को व्यवस्था समेत लाई ध्यानमा राख्दै सूचकगत मूल्याङ्कनको आधारमा प्रदेश तथा स्थानीय तहले प्राप्त गरेका कुल अङ्क प्रदेश तथा स्थानीय तहको जानकारीको लागि आयोगको वेभसाइटमा माघको तेस्रो हप्ताभित्र प्रकाशन गरिनेछ । यसरी प्रकाशन भएको अङ्कमा कुनै प्रदेश तथा स्थानीय तहलाई चित्त नबुझेमा माघ मसान्त भित्र प्रमाणसहित सो अङ्क मूल्याङ्कनलाई पुनरावलोकन गरिदिन आयोगसमक्ष अनुसूची ५ मा उल्लेखित ढाँचामा निवेदन दिन सकिनेछ। यसरी पुनरावलोकनको लागि निवेदन प्राप्त हुन आएमा आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गर्नु भन्दा पहिले नै सो निवेदन उपर पुनरावलोकन गर्नेछ ।पुनरावलोकनबाट पहिले गणना गरिएको अङ्कमा संशोधन हुने देखिएमा त्यसरी परिमार्जन भएको अङ्क सहितको कुल अङ्क उल्लेख गरी प्रदेश तथा स्थानीय तहको जानकारीको लागि आयोगको वेभसाइटमा पुनः प्रकाशन गरिनेछ र यसरी परिमार्जित नतिजालाई समेत समावेश गरी कार्य सम्पादन मूल्याङ्कनको आधारमा उपलब्ध गराइने अनुदानको रकम सिफारिस गरिनेछ ।

सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

## परिच्छेद - चार
## कार्य सम्पादन मूल्याङ्कन सन्दर्भमा आयोगको जिम्मेवारी

१०. **विद्युतीय अनलाइन पोर्टलको निर्माण तथा सञ्चालन** : आयोगले प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन प्रयोजनार्थ विद्युतीय अनलाइन पोर्टल निर्माण गरी प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन सूचकको प्रगति विवरण प्रविष्टि गर्न प्रयोगमा ल्याउनेछ। प्रदेश तथा स्थानीय तहले तोकिएका प्रत्येक सूचकको प्रगति अवस्था देखिने विवरण सूचक मूल्याङ्कन प्रक्रियामा उल्लेख गरिएको म्याद भित्र अनलाइन पोर्टलमा प्रविष्टि गरी सो प्रगतिलाई प्रमाणित गर्ने प्रमाण समेत पोर्टलमा अपलोड गर्नुपर्नेछ। तर अनलाइन पोर्टल निर्माण भई प्रयोगमा आएको पहिलो पटकको लागि पोर्टल प्रयोग गर्ने अनुमति प्राप्त भएको एक महिना भित्र सूचक कार्यान्वयन सम्बन्धी प्रगति विवरण प्रविष्टि गर्न सकिनेछ।

११. **जिम्मेवारी तोक्ने** : यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रणाली संचालन तथा व्यवस्थापनका लागि आयोगले अनुसन्धान तथा नीति विश्लेषण शाखालाई जिम्मेवारी तोक्नेछ।

१२. **प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन सूचकको मूल्याङ्कन** : आयोगले यस कार्यविधिको आधारमा अनुसूची ३ र ४ अनुसार प्रत्येक प्रदेश तथा स्थानीय तहको छुट्टाछुट्टै रुपमा कार्य सम्पादन सूचकको मूल्याङ्कन गर्नेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

## परिच्छेद - पाँच
## विविध

१३. **कार्यविधिको संशोधन** : यस कार्यविधिमा आवश्यक परिमार्जन गर्न बाञ्छनीय देखिएमा आयोगको निर्णयबाट संशोधन गर्न सकिनेछ।

१४. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा आयोगले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

## अनुसूची १

### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### प्रदेश सरकारको कार्य सम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचकहरु

| क्र.सं. | सूचक |
|---|---|
| १. | गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्था। |
| २. | प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार लागु गरी सशर्त अनुदान प्रदान गरे/नगरेको। |
| ३. | सवारी साधन कर वापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरे/नगरेको। |
| ४. | प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>(ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः |
| ५. | प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था।<br>(क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्‌कलनको अवस्थाः<br>(ख) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्‌कलनको अवस्थाः |
| ६. | प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको। |
| ७. | प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्‌कसहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। |
| ८. | प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। |
| ९. | प्रदेश तहको वायु गुणस्तर सुचकाङ्‌क (Air Quality Index)। |
| १०. | प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशत*। |
| ११. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको# । |

सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

* नोट नं. १- सामुदायिक,साझेदारी,कबुलियती लगायत समुदायमा आधारित माध्यमबाट व्यवस्थापन भएको वनको क्षेत्रफल मापन गरि यस सूचकको अङ्क प्रदान गरिने छ।

#नोट नं. २- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट अनलाइन पोर्टल निर्माण भई प्रयोगमा आएको षहिलो पटकको लागि पोर्टल प्रयोग गर्ने अनुमति प्राप्त भएको एक महिना भित्र माथि उल्लिखित विभिन्न सूचकको जानकारी प्रविष्टि गरी आवश्यक दस्तावेज अपलोड गरेमा यस सूचक वापतको अङ्क प्रदान गरिनेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

## अनुसूची २

### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचकहरु

| क्र.सं. | सूचक |
|---|---|
| १. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगरसभामा पेश गरे/नगरेको। |
| २. | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको। |
| ३. | स्थानीय तहले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको। |
| ४. | स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको। |
| ५. | स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको। |
| ६. | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था।<br>(क) अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्थाः<br>(ख) अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्थाः |
| ७. | स्थानीय तहको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था।<br>(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः<br>(ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः |
| ८. | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औल्याएको बेरुजुको अवस्था। |
| ९. | महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय तहले पूर्ण रुपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको। |

सदस्य सदस्य सदस्य अध्यक्ष

| क्र.सं. | सूचक |
|---|---|
| १०. | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको। |
| ११. | कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर। |
| १२. | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर। |
| १३. | सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत |
| १४. | चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपात। |
| १५. | कुल गर्भवति महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात । |
| १६. | पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कलेरा ) सेवा लिएका जन्मे देखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात । |
| १७. | आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको% । |

% नोट १. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट अनलाइन पोर्टल निर्माण भई प्रयोगमा आएको पहिलो पटकको लागि पोर्टल प्रयोग गर्ने अनुमति प्राप्त भएको एक महिना भित्र माथि उल्लिखित विभिन्न सूचकको जानकारी प्रविष्टि गरि आवश्यक दस्तावेज अपलोड गरेमा यस सूचक वापतको अङ्क प्रदान गरिनेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

## अनुसूची ३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## प्रदेश सरकारको कार्य सम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचकहरुको व्याख्या, अंकभार तथा मूल्याङ्कन प्रकृया

१. गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औंल्याएको बेरुजुको अवस्थाः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २ को देहाय (त) मा बेरुजु भन्नाले प्रचलित कानून बमोजिम पु-याउनुपर्ने रीत नपु-याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरिक्षण गर्दा औंल्याइएको वा ठह-याइएको कारोवार सम्झनुपर्छ भनी उल्लेख गरिएको छ। बेरुजुले आर्थिक अनुशासनलाई जनाउने हुनाले प्रदेश सरकारले आर्थिक कारोवार गर्दा यथासम्भव बेरुजु नहुने गरी गर्नुपर्दछ।

बेरुजु अधिक हुनुको तुलनामा बेरुजु नहुनु वा न्यून बेरुजु हुनुलाई स्वभाविक रुपमा राम्रो मानिने हुंदा कम भन्दा कम बेरुजु कायम गर्ने प्रदेशलाई बेरुजुमा छुट्याइएको अङ्कभार अनुसार बढी अङ्क प्रदान गर्ने गरी अन्य प्रदेशहरूलाई पनि कम बेरुजु कायम गर्ने तर्फ प्रेरित गर्न प्रदेश तहको कार्यसम्पादन मापनको लागि बेरुजुलाई महत्वपूर्ण एक सूचकको रुपमा राखिएको छ।

यस सूचकको मूल्याङ्कन महालेखा परिक्षकको कार्यालयले तयार गर्ने वार्षिक प्रतिवेदनको आधारमा गरिनेछ। महालेखा परीक्षकको कार्यालयले प्रत्येक आर्थिक वर्ष व्यतित भएको मितिले ९ महिना अर्थात चैत्र महिना भित्र अन्तिम लेखा परीक्षण गरी वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने अभ्यास रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (२) मा नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्त भित्र दफा (६) बमोजिमको राजस्व बाँडफाँड र दफा ८ बमोजिमको वित्तिय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोले आयोगले वित्तिय समानीकरण अनुदानको सिफारिस महालेखा परीक्षकको कार्यालयबाट गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षणको प्रतिवेदन पेश हुने अवधि भन्दा अगावै फागुन महिना भित्र गरी सक्नुपर्दछ। यस अनुरुप गत आर्थिक वर्षको बेरुजुको अवस्थालाई मूल्याङ्कन गरी कार्य सम्पादनमा आधारित वित्तिय समानीकरण अनुदान सिफारिसमा प्रयोग गर्न नसकिने हुंदा महालेखा परीक्षकको कार्यालयबाट तयार गरिएको गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा उल्लेख भएको प्रदेशको बेरुजुलाई मूल्याङ्कनको आधारको रुपमा लिइनेछ।

यस अन्तर्गत सवै प्रदेशको बेरुजु प्रतिशतको आधारमा औषत बेरुजु प्रतिशत गणना गरिनेछ र शुन्य बेरुजु हुने प्रदेशलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ। औषत बेरुजु प्रतिशतभन्दा कम बेरुजु प्रतिशत भएका प्रदेशको हकमा प्रत्येक प्रदेशको न्यून बेरुजु प्रतिशतको समानुपातिक आधारमा यस सूचक वापतको अङ्क प्रदान गरिनेछ भने औषत बेरुजु प्रतिशतभन्दा बढी बेरुजु प्रतिशत भएका प्रदेशलाई यो सूचक बमोजिमको कुनै अङ्क दिइने छैन। यस सूचकको अङ्कभार १५ कायम गरिएको छ।

महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण प्रतिवेदन प्राप्त गरेको एक महिना भित्र मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेशको कुल लेखा परिक्षण गरिएंको रकम र महालेखा परिक्षकको कार्यालयले औल्याएको बेरुजुको रकम अनलाइन पोर्टलमा प्रविष्टि गरी सोलाई प्रमाणित गर्ने दस्तावेज पोर्टलमा अपलोड गर्नुपर्नेछ।

यस सूचकको मूल्याङ्कन गरिने सम्बन्धमा तालिका १ को तथ्यमा आधारित रहि तालिका २ को उदाहरणबाट स्पष्ट गरिएको छः

मानौं आ.व.२०७५/७६ को प्रदेश सरकारको रु.१९५८७८० लाख रकमको अन्तिम लेखापरीक्षण हुँदा रु. ८४७८० लाख बेरूजू कायम भएको रहेछ र प्रदेशगत बेरुजु प्रतिशत देहाय बमोजिम रहेछः

तालिका १

| क्र.सं. | प्रदेश | बेरूजू प्रतिशत |
|---|---|---|
| १ | १ | ४.८२ |
| २ | २ | ७.०९ |
| ३ | ३ | २.५० |
| ४ | ४ | ६.८८ |
| ५ | ५ | ३.१३ |
| ६ | ६ | २.७२ |
| ७ | ७ | ३.८७ |
| ८ | औषत बेरुजु प्रतिशत | ४.३३ |

यसमा प्रदेश १, प्रदेश २ र प्रदेश ४ को बेरुजु प्रतिशत औषत बेरुजु प्रतिशतभन्दा बढी भएकोले यी तीन प्रदेशलाई यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन। अरु बाँकी ४ प्रदेशको बेरुजु प्रतिशत औषत बेरुजु प्रतिशत भन्दा कम भएकोले औषत बेरुजुमा यी प्रदेशको न्यून बेरुजु प्रतिशतको अनुपात देहाय अनुसार गणना गरी सो बमोजिम यस सूचक वापतको अङ्कभार प्रदान गरिनेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

१. औषत बेरुजु प्रतिशतबाट औषत बेरुजु भन्दा कम बेरुजु हुने प्रदेशको बेरुजु प्रतिशत घटाई औषत बेरुजुमा उक्त प्रदेशको न्यून बेरुजुको हिस्सा गणना गर्ने।

२. यसरी आउने प्रत्येक प्रदेशको बेरुजुको न्यून हिस्सालाई औषत बेरुजुसँग तुलना गरी सो आधारमा यस सूचकलाई तोकिएको अङ्कभार समानुपातिक हिसावले गणना गरी प्रदान गर्ने।

तालिका २

| क.सं. | प्रदेश | प्रदेशगत बेरूजू प्रतिशत | औषत बेरुजु | औषत बेरुजु र प्रदेशगत बेरुजुको फरक | प्राप्त हुने अङ्क |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५=(कोलम ४- कोलम ३) | (कोलम ५ X सूचकको अङ्कभार) / कोलम ४ |
| १ | ३ | २.५० | ४.३३ | १.८३ | ६.३४ |
| २ | ५ | ३.१३ | | १.२ | ४.१५ |
| ३ | ६ | २.७२ | | १.६१ | ५.५७ |
| ४ | ७ | ३.८७ | | ०.४६ | १.५९ |

२. प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम आयोगले तोकेको आधार लागु गरी सशर्त अनुदान प्रदान गरे/नगरेको:

यस आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (ख) अनुसार प्रदेश कानून बमोजिम प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानको आधार तयार गरी प्रदेशलाई सिफारिस गर्दै आएको छ। यसरी आयोगले सिफारिस गरेको आधारलाई अवलम्बन गरेर मात्र प्रदेशले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनुपर्दछ। आयोगले सिफारिस गरेको आधारभन्दा फरक किसिमले सशर्त अनुदान उपलब्ध गराएको अवस्थामा आयोगले गरेको सिफारिस कार्यान्वयन भएको मानिदैन। आयोगले सिफारिस गरेको आधार पालना गरी सशर्त अनुदान उपलब्ध गराइएको अवस्थामा यस सुचक अनुसारको शतप्रतिशत अङ्कभार दिइनेछ भने आधार पालना नभएको देखिएमा अङ्कभार दिइने छैन। यस सूचकको लागि अङ्कभार १० तोकिएको छ।

**उदाहरण:** आयोगले आर्थिक वर्ष २०७८।७९ को लागि प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने सशर्त अनुदानको आधार सम्बन्धमा मिति २०७७।१२।२६ मा सिफारिस गर्दा ४ वटा आधारहरू उल्लेख गरेको छ। प्रदेश सरकारले यी ४ वटा आधार मध्ये कुन आधारलाई पालना गरी स्थानीय तहलाई अनुदान दिएको हो सो व्यहोरा स्पष्ट खुलाउनु पर्दछ। प्रदेश सरकारले यी ४ आधारमध्ये कुनै एक, दुई, तीन वा सबै आधार अवलम्बन गरेर सशर्त अनुदान

सदस्य सदस्य सदस्य अध्यक्ष

उपलब्ध गराएको हुन सक्दछ । तर यी कुनै पनि आधार अवलम्बन नगरी वा अवलम्बन गरिएको आधार आयोगले सिफारिस गरिए बमोजिम नभई पुष्ट्याई नहुने देखिएमा यस सूचक वापतको अङ्क दिइने छैन।

प्रदेश सरकारले पेश गरेको वार्षिक बजेटमा विनियोजन भएको सशर्त अनुदान सम्बन्धी विवरणको आधारमा यस सूचकको मूल्याङ्कन गरिनेछ। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र यस्तो विवरण आयोगको अनलाईन पोर्टलमा प्रविष्टि गरी सोलाई प्रमाणित गर्ने दस्तावेज अपलोड गर्नुपर्नेछ।

**३. सवारी साधन करवापत बाँडफाँट गरिने ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ६क. बमोजिम प्रदेशले असुल गर्ने सवारी साधन करमध्ये ६० प्रतिशत प्रदेशले राखी बाँकी ४० प्रतिशत रकम सोहि दफाको उपदफा (५) अनुसार मासिक रुपमा सम्बन्धित स्थानीय तहले प्राप्त गर्ने गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। प्रदेशबाट बाँडफाँड भई प्राप्त हुनुपर्ने राजस्व रकम समयमै प्राप्त हुन सकेमा स्थानीय तहको प्रशासनिक तथा विकास निर्माण कार्य विना अवरोध सुचारु रुपमा सन्चालन हुनसक्दछ। अतः स्थानीय तहले सन्चालन गर्ने कार्यको लागि नगद प्रवाहको समस्या हुन नदिन सवारी साधन कर वापत बाँडफाँड गरिने राजस्वमध्ये स्थानीय तहले प्राप्त गर्ने ४० प्रतिशत रकम मासिक रुपमा स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने प्रदेशलाई यस सुचक वापत तोकिएको शत प्रतिशत अङ्कभार दिइनेछ भने मासिक रुपमा स्थानीय सञ्चित कोषमा दाखिला नगर्ने प्रदेशले यस वापतको अङ्कभार पाउने छैन। यस सूचकको अङ्कभार ५ तोकिएको छ।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले स्थानीय सञ्चित कोषमा सवारी साधन कर रकम जम्मा गरेको विवरणको जानकारी रकम जम्मा गरेको महिना समाप्त भएको एक हप्ता भित्र अर्थात असोज महिनाको पहिलो हप्ता भित्र आयोगको पोर्टलमा प्रविष्टि गरी स्थानीय तहको सञ्चित कोषमा राजस्व रकम जम्मा भएको प्रमाणित हुने दस्तावेज अपलोड गर्नुपर्नेछ।

उदाहरणः प्रदेश १ सरकारले आर्थिक वर्ष २०७७।७८ को श्रावण महिनामा सवारी साधन कर वापत रु. १ करोड असुल गरेको रहेछ। यस्तो अवस्थामा रु. १ करोडको ६० प्रतिशतले हुने रु. ६० लाख प्रदेशले आफ्नो सन्चित कोषमा दाखिला गरी बाँकी रु. ४० लाख जुन जुन स्थानीय तहले पाउने हो तत् तत् स्थानीय तहको सञ्चित कोषमा भाद्र महिना भित्र नै जम्मा हुने गरी उपलब्ध गराउनुपर्दछ। यसैगरी प्रत्येक महिनामा असुल भएको सवारी साधन कर वापतको रकममध्ये स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा उपलब्ध गराउनु पर्दछ ।

सदस्य सदस्य सदस्य अध्यक्ष

४. प्रदेशको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था:

यस सूचकलाई (क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत, र (ख) कुल विनियोजित पूंजीगत रकममा कुल पूंजीगत रकमको खर्चको प्रतिशत गरी २ भागमा बाँडिएको छ।

(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत:

कुल विनियोजित रकमभित्र प्रशासनिक र पूँजीगत दुवै प्रकृतिको खर्च समावेश भएको हुन्छ। प्रदेश सरकारले आफ्नो प्रदेश भित्रको समग्र प्रशासनिक तथा विकास निर्माण कार्य सन्चालन गर्न प्रत्येक आर्थिक वर्षको असार १ गते प्रदेशसभामा बजेट पेश गरी प्रदेशसभाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याएको हुन्छ। बजेटमा विनियोजन भए अनुसारको सवै रकम खर्च भएको अवस्थामा बजेटले लक्षित गरे अनुसारको उपलब्धि हासिल हुन्छ। यो सूचकले प्रदेश सरकारले गर्ने कार्यको नतिजालाई मापन गर्दछ। प्रदेश सरकारलाई यथार्परक बजेट निर्माण गरी नतिजा हासिल हुने गरी खर्च गर्न यो सूचकले प्रेरित गर्नेछ। यस उपसूचकको लागि अङ्कभार ७ तोकिएको छ।

वित्तीय समानीकरण अनुदान सिफारिस गर्दाको आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षमा सवै प्रदेश सरकारले गरेको कुल खर्चलाई आधार मानि प्रदेशको औषत खर्च प्रतिशत गणना गरिनेछ। विनियोजित बजेट शतप्रतिशत खर्च गर्ने प्रदेशलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार दिइनेछ भने औषत खर्च प्रतिशत भन्दा बढी प्रतिशत खर्च गर्ने प्रदेशलाई यस सूचक वापत छुट्याइएको अङ्क मध्ये औषत खर्च प्रगति प्रतिशतको तुलनामा अतिरिक्त खर्च प्रगति प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ र औषत खर्च प्रतिशतको तुलनामा कम प्रतिशत खर्च गर्ने प्रदेशलाई यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन।

आर्थिक मामिला तथा योजना मन्त्रालयले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारको खर्चको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

यस सूचकको सम्बन्धमा तालिका ३ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छ:

सदस्य सदस्य सदस्य अध्यक्ष

### तालिका ३

| प्रदेश (१) | कुल बजेट विनियोजन (२) | कुल खर्च (३) | विनियोज़नमा खर्च प्रतिशत (४) | औषत खर्च प्रतिशत (५) | औषत खर्च प्रगति प्रतिशतको तुलनामा अतिरिक्त खर्च प्रगति प्रतिशतको अवस्था (६) | (७) प्राप्त हुने अङ्क |
|---|---|---|---|---|---|---|
| | | | कोलम ३ / कोलम २ | | (कोलम४- कोलम ५) | (कोलम ६ X सूचकको अङ्कभार) / १००-कोलम ५ |
| १ | १००००० | ९९००० | ९९ | ९५.७७ | ३.२३ | ५.३५ |
| २ | १०५००० | १०२००० | ९७.१४ | | १.३७ | २.२७ |
| ३ | ३००००० | २९०००० | ९६.६७ | | ०.९ | १.४९ |
| ४ | १०२००० | ९५००० | ९३.१३ | | -२.६४ | ० |
| ५ | ११०००० | १०१००० | ९१.८२ | | -३.९५ | ० |
| ६ | ९२००० | ८५००० | ९२.३९ | | -३.३८ | ० |
| ७ | ९०००० | ८९००० | ९८.८९ | | ३.१२ | ५.१६ |
| | ८९९००० | ८६१००० | ९५.७७ | | | |

यस तालिकामा उल्लेख गरिए अनुसार प्रदेश १, २, ३ र ७ को कुल खर्च प्रतिशत प्रदेशको औषत खर्च प्रतिशत ९५.७७ प्रतिशत भन्दा बढी भएकोले यस सूचक वापत क्रमशः ५.३५, २.२७, १.४९ र ५.१६ अङ्क पाउनेछन् भने प्रदेश ४, ५ र ६ को खर्च प्रतिशत औषत खर्च प्रतिशतभन्दा कम भएकोले यी प्रदेशले यस सूचक वापतको अङ्क पाउने छैनन।

**(ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः**

यस अन्तर्गत सवै प्रदेशले गत आर्थिक वर्षको बजेटमा विनियोजन गरेको कुल पूँजीगत बजेट रकम मध्ये खर्च भएको पूँजीगत बजेटको आधारमा प्रदेश स्तरको औषत पूँजीगत खर्च प्रतिशत गणना गरिनेछ। शतप्रतिशत पूँजीगत खर्च गर्ने प्रदेशलाई यस सूचक वापतको शतप्रतिशत अङ्क दिइनेछ भने औषत पूँजीगत खर्च प्रतिशत भन्दा बढी प्रतिशत पूँजीगत खर्च गर्ने प्रदेशलाई यस सूचक वापत छुट्याइएको अङ्क मध्ये औषत पूँजीगत खर्च प्रगति प्रतिशतको तुलनामा अतिरिक्त पूँजीगत खर्च प्रगति प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ र औषत पूंजीगत खर्च प्रतिशतको तुलनामा कम प्रतिशत पूंजीगत खर्च गर्ने प्रदेशलाई यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन। यस सूचकको अङ्कभार ८ तोकिएको छ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारको खर्चको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

यस सूचकको सम्बन्धमा तालिका ४ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छ:

तालिका ४

| प्रदेश (१) | कुल पूँजीगत बजेट विनियोजन (२) | पूँजीगत बजेट खर्च (३) | पूँजीगत बजेट विनियोजनमा पूँजीगत बजेट खर्च प्रतिशत (४) | औषत पूँजीगत खर्च प्रतिशत (५) | औषत पूँजीगत खर्च प्रगति प्रतिशतको तुलनामा अतिरिक्त पूँजीगत खर्च प्रगति प्रतिशतको अवस्था (६) | (७) प्राप्त हुने अङ्क |
|---|---|---|---|---|---|---|
| | | | (३/२) | | (४-५) | (कोलम ६ X सूचकको अङ्कभार) १००-कोलम ५ |
| १ | ५०००० | ३५००० | ७० | ८६.६७ | -१६.६७ | ० |
| २ | ६०००० | ४८००० | ८० | | -६.६७ | ० |
| ३ | १००००० | ९१००० | ९१ | | ४.३३ | २.६० |
| ४ | ७५००० | ६६००० | ८८ | | १.३३ | .८० |
| ५ | ६५००० | ६२००० | ९५.३८ | | ८.७१ | ५.२३ |
| ६ | ४५००० | ४४००० | ९७.७८ | | ११.११ | ६.६७ |
| ७ | ४०००० | ३१००० | ७७.५ | | -९.१७ | ० |
| | ४३५००० | ३७७००० | ८६.६७ | | | |

यस तालिकामा उल्लेख गरिए अनुसार प्रदेश ३, ४, ५ र ६ को कुल पूँजीगत खर्च प्रतिशत प्रदेशको औषत पूँजीगत खर्च प्रतिशत ८६.६७ प्रतिशत भन्दा बढी भएकोले यस सूचक वापत क्रमशः २.६०, .८०, ५.२३ र ६.६७ अङ्क पाउनेछन भने प्रदेश १, २ र ७ को पूँजीगत खर्च प्रतिशत औषत पूँजीगत खर्च प्रतिशतभन्दा कम भएकोले यी प्रदेशले यस सूचक वापतको अङ्क पाउने छैनन।

**५. प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थाः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसूची २ मा उल्लेख गरिए अनुसारको कर तथा गैर कर प्रदेश कानून बमोजिम लगाउन र उठाउन सक्ने व्यवस्था सोहि ऐनको दफा ३ को उपदफा २ मा रहेको छ। यस्तै दफा २१ को उपदफा २ मा प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था छ।

प्रदेश सरकारले प्रदेश भित्रको विकासको गतिलाई तीव्रता प्रदान गर्न आफ्नो अधिकार क्षेत्र भित्रको राजस्वका स्रोतहरूको प्रभावकारी परिचालन गर्दै राजस्व सङ्कलन बढाउंदै जानुपर्दछ।



सदस्य सदस्य सदस्य अध्यक्ष

प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रका स्रोतबाट अधिकतम राजस्व सङ्कलन गर्न सकेको अवस्थामा प्रदेशको प्रशासनिक र विकास कार्यको लागि अन्य स्रोत माथिको निर्भरता कम हुंदै जान्छ। कार्य कुशलता राम्रो भएको प्रदेशले राजस्वको लक्ष्य यथार्थपरक किसिमले प्रक्षेपण गर्न सक्दछ र प्रक्षेपण गरिएको राजस्व लक्ष्य अनुसार सङ्कलन पनि गर्न सक्दछ। समग्रमा यस सूचकले प्रदेशको राजस्व परिचालनको प्रयत्नलाई मापन गर्नेछ।

यस सूचकलाई अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था र गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्था गरी २ उप भागमा बाँडिएको छ।

**(क) अनुमानित राजस्व प्रक्षेपणको तुलनामा राजस्व सङ्कलनको अवस्था:**

यस उपसूचकको अङ्कभार १० तोकिएको छ । यस अन्तर्गत सबै प्रदेशले गत आर्थिक वर्षको लागि राजस्व सङ्कलनार्थ अनुमान गरेको अङ्कमा सबै प्रदेशले सङ्कलन गरेको राजस्वको औषत प्रतिशत गणना गरिनेछ। शतप्रतिशत वा सो भन्दा बढी प्रतिशत प्रगति गर्ने प्रदेशलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने औषत प्रतिशतभन्दा बढी प्रतिशत राजस्व सङ्कलन गर्ने प्रदेशलाई औषत प्रक्षेपित राजस्व संकलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व संकलन प्रतिशतको समानुपातिक आधारमा यस सूचकको लागि छुट्याइएको अङ्क प्रदान गरिनेछ र औषत प्रतिशत भन्दा कम राजस्व सङ्कलन गर्ने प्रदेशलाई यस सूचक वापत कुनै अङ्क प्रदान गरिने छैन।

यस सूचकको सम्बन्धमा तालिका ५ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छ:

**तालिका ५**

| प्रदेश (१) | राजस्व सङ्कलनको प्रक्षेपित लक्ष्य (२) | यथार्थ राजस्व सङ्कलन (३) | राजस्व सङ्कलन प्रतिशत (४) | औषत राजस्व सङ्कलन प्रतिशत (५) | औषत प्रक्षेपित राजस्व संकलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व संकलन प्रतिशतको प्रगति अवस्था (६) | प्राप्त हुने अङ्क (७) (कोलम ६ X सूचकको अङ्कभार) / १००-औषत राजस्व सङ्कलन प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १००००० | ९०००० | ९० | ९७.५५ | -७.५५ | ० |
| २ | १०५००० | १०२००० | ९७.१४ | | -०.४१ | ० |
| ३ | ३००००० | ३०२००० | १००.६६=100 | | २.४५ | १० |
| ४ | १०२००० | ९९००० | ९७.०५ | | ०.५० | २.०४ |
| ५ | ११०००० | १०८००० | ९८.१८ | | ०.६३ | २.५७ |
| ६ | ९२००० | ९१००० | ९८.९१ | | १.३६ | ५.५५ |

सदस्य सदस्य सदस्य अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ९०००० | ८५००० | ९४.४४ | | -३.११ | ० |
| जम्मा | ८९९००० | ८७७००० | ९७.५५ | | | |

माथिको तालिकामा उल्लेख गरिए बमोजिम प्रदेश ३, ४, ५ र ६ ले मात्र औषत प्रक्षेपित राजस्व सङ्कलन प्रतिशतको तुलनामा अधिक राजस्व असुली गरेकोले यी चार प्रदेशलाई यस सूचक वापत छुट्याइएको अङ्क प्रदान गरिनेछ भने अन्य तीन प्रदेशको राजस्व सङ्कलन प्रदेशको औषत प्रक्षेपित राजस्व प्रतिशतको तुलनामा कम भएकोले यी तीन प्रदेशलाई यस सूचक वापतको अङ्क प्रदान गरिने छैन।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट राजस्व सङ्कलनको लक्ष्य र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारले सङ्कलन गरेको राजस्वको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

**ख. गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा गत आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्थाः**

यस सूचक वापत अङ्कभार १० तोकिएको छ । यस अन्तर्गत सबै प्रदेश सरकारले विगत २ आर्थिक वर्षमा सङ्कलन गरेको राजस्वलाई आधार लिई औषत प्रतिशत गणना गरिनेछ। सबै प्रदेशले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा सङ्कलन गरेको अतिरिक्त राजस्व रकमलाई अघिल्लो वर्षको सङ्कलित रकमसँग तुलना गरी औषत राजस्व बृद्धिको प्रतिशत गणना गरिनेछ। यस्तो औषत बृद्धी प्रतिशत २० प्रतिशत वा सो भन्दा बढी भएमा यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ । यसरी गणना गरिएको औषत राजस्व सङ्कलन प्रतिशत भन्दा प्रदेशको पछिल्लो आर्थिक वर्षको राजस्व सङ्कलन प्रतिशत बढी भएमा यस सूचक वापतको अङ्क समानुपातिक आधारमा प्रदान गरिनेछ भने औषत प्रतिशत भन्दा कम राजस्व सङ्कलन प्रतिशत भएका प्रदेशलाई यस सूचकको अङ्क प्रदान गरिनेछैन।

सदस्य सदस्य सदस्य अध्यक्ष

यस सूचकको सम्बन्धमा तालिका ६ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छः

तालिका ६

| प्रदेशहरू (१) | राजस्व सङ्कलन (२) | | अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा राजस्व बृद्धि प्रतिशत (३) | औषत राजस्व सङ्कलन बृद्धि प्रतिशत (४) | औषत राजस्व संकलन बृद्धि प्रतिशतको तुलनामा सम्बन्धित प्रदेशको अतिरिक्त राजस्व वृद्धिदरको अवस्था (५) | प्राप्त हुने अङ्क (६) (कोलम ५ X सूचकको अङ्कभार) कुल अङ्कभारको लागि तोकिएको मापदण्ड - कोलम ४ |
|---|---|---|---|---|---|---|
| | २०७५।७६ | २०७६।७७ | | | | |
| प्रदेश १ | १००००० | ११०००० | १० | ४.२१ | ५.७९ | ३.६७ |
| प्रदेश २ | १०८००० | ११४००० | ५.५५ | | १.३४ | .८५ |
| प्रदेश ३ | ३००००० | २९०००० | -३.३३ | | ० | ० |
| प्रदेश ४ | १०३००० | १११००० | ७.७६ | | ३.५५ | २.२३ |
| प्रदेश ५ | १०७००० | ११६००० | ८.४१ | | ४.२० | २.६५ |
| प्रदेश ६ | ९०००० | १००००० | .११.११ | | ६.९० | ४.३७ |
| प्रदेश ७ | ९५००० | १००००० | ५.२६ | | १.०५ | .६६ |
| जम्मा | ९०३००० | ९४१००० | ४.२१ | | | |

प्रदेश १,२, ४, ५, ६ र ७ ले औषत राजस्व सङ्कलनको तुलनामा बढी राजस्व सङ्कलन गरेको र प्रदेश ३ ले अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व असुली कम गरेको छ । अतः यस सूचक वापत छुट्याइएको अङ्क वापत प्रदेश १, २, ४, ५, ६ र ७ ले क्रमशः ३.६७, .८५, २.२३, २.६५, ४.३७ र ०.६६ पाउनेछन । प्रदेश ३ को राजस्व असुली औषत राजस्व असुली प्रतिशत भन्दा कम भएकोले यस प्रदेशलाई यस सूचक वापत कुनै अङ्क दिइनेछैन ।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारले सङ्कलन गरेको राजस्वको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

६. प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई चैत्र मसान्तभित्र उपलब्ध गराएको/नगराएको:

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (३) मा प्रदेश सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। दफा २१ को उपदफा (३) मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान गाउँ वा नगरसभामा पेश गर्नुपर्ने व्यवस्था छ।

स्थानीय तहले सभामा पेश गर्ने राजस्व र व्ययको अनुमानमा प्रदेश तहबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानको रकमलाई पनि समावेश गरी कार्यक्रमहरू तय गर्नुपर्ने हुन्छ। बजेटलाई यथार्परक र कार्यान्वयनयोग्य बनाउनको लागि स्थानीय तहले प्राप्त गर्ने अनुदान रकमको अङ्क समयमै जानकारी पाउन आवश्यक छ। अतः प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र नै उपलब्ध गराएको भएमा यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने चैत्र मसान्त भित्र उपलब्ध नगराएको भए यस सूचक वापतको कुनै अङ्क प्रदान गरिने छैन। यस सूचकको अङ्कभार ५ तोकिएको छ।

आयोगले गरेको सिफारिस बमोजिम मात्र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको विवरण उपलब्ध गराउनसक्ने र आयोगले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ बमोजिम चालु आर्थिक वर्षको चैत्र महिनाभित्रै सिफारिस गर्ने गर्दछ। यस हिसावले चालु आर्थिक वर्षको चैत्र मसान्तभित्रै प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण उपलब्ध गराए नगराएको सूचना प्राप्त गरी मूल्याङ्कन गर्न समयाभाव हुने हुंदा यस सूचकको प्रयोजनको लागि अनुदान सिफारिस गर्दाको आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको चैत्र मसान्त भित्र प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण उपलब्ध गराए नगराएको हेरी मूल्याङ्कन गरिनेछ।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले यस सूचकको कार्य प्रगतिलाई अनालाइन पोर्टलमा प्रत्येक वर्षको बैशाख १५ गतेभित्र प्रविष्टि गरी स्थानीय तहगत वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण पठाएको प्रमाणित गर्ने कागजात सहितको विवरण अनलाइन पोर्टलमा अपलोड गर्नुपर्नेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

७. **प्रदेशले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (१) ले प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ। आगामी आर्थिक वर्षको लागि प्रदेश तहले वित्तीय हस्तान्तरण वापत के कति रकम सङ्घीय सरकारबाट प्राप्त गर्ने अपेक्षा गरेका छन भन्ने पूर्व जानकारी हासिल गरी बजेट तयारी कार्य गर्न यस्तो विवरणले सङ्घिय सरकारलाई मदत गर्दछ। समयमै यस्तो विवरणको उपलब्धताले सङ्घीय सरकारलाई प्रदेश सरकारसँग छलफल गरी यथार्थपरक बजेट निर्माण गर्न सहयोग पुग्दछ। यो विवरण प्रभावकारी बजेट निर्माणको एउटा सशक्त औजार हो। अतः यस्तो विवरण प्रत्येक प्रदेशले चालु आर्थिक वर्षको पुस मसान्त भित्रै सङ्घीय अर्थ मन्त्रालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था कार्यान्वयन हुन जरुरी छ।

यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ। वित्तीय समानीकरण अनुदान सिफारिस गर्दाको चालु आर्थिक वर्षको पुस मसान्त भित्र प्रदेशले यस्तो विवरण सङ्घीय अर्थ मन्त्रालयमा पठाएको भए यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने विवरण नपठाएको वा पुस मसान्त पछि पठाएमा यस सूचक वापत कुनै अङ्क प्रदान गरिनेछैन।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले यस सूचक अनुसारको विवरण पुस मसान्त भित्र सङ्घीय अर्थ मन्त्रालयमा पठाएको जानकारी माघ महिनाको पहिलो हप्ता भित्र अनलाइन पोर्टलमा प्रविष्टि गरि सङ्घीय अर्थ मन्त्रालयमा पठाएको प्रमाण अपलोड समेत गर्नुपर्नेछ।

८. **प्रदेशले आफ्नो बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३० को उपदफा (३) ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ।

प्रदेश सरकारले वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाहीहरू पारदर्शिता कायम गरी गरेको छ छैन भन्ने जानकारी पाउने हक प्रत्येक नागरिकलाई हुन्छ। यसै गरी गत आर्थिक वर्षको बजेट कार्यान्वयनमा के कस्ता कमि कमजोरी रहे र ती कमजोरीहरूलाई समाधान गरी आगामी दिनमा त्यस्ता कमी, कमजोरी दोहोरिन नदिन अवलम्बन गर्नुपर्ने उपायको जानकारी समेत वजेट समिक्षाले प्रदान गर्दछ। यसर्थ, गत आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाको सम्बन्धमा चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रै समिक्षा गरी वेभसाइट, सूचना पाटी वा सार्वजनिक सञ्चार माध्यम मार्फत प्रकाशन गरेको भए यस सूचक वापतको शतप्रतिशत अङ्क

सदस्य सदस्य  सदस्य अध्यक्ष

प्रदान गरिनेछ। अन्यथा यस सूचक वापतको कुनै अङ्क प्रदान गरिनेछैन। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ।

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले विगत आर्थिक वर्षको बजेटको समिक्षा गरी कार्तिक मसान्तभित्र सार्वजनिक गरेको जानकारी मार्ग महिनाको पहिलो हप्ता भित्र अनलाइन पोर्टलमा प्रविष्टि गरि बजेट समिक्षा गरेको प्रमाणित हुने माइन्युट अनलाइन पोर्टलमा अपलोड गर्नुपर्नेछ।

**९. प्रदेश तहको वायु गुणस्तर सुचकाङ्क (Air Quality Index):**

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुने व्यवस्था रहेको छ। संविधानको अनुसूची ६ को क्र.सं. १२ मा उल्लेख भएको प्रदेश लोक मार्ग, क्र.सं. १९ मा उल्लेख भएको प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन र क्र.सं. २० मा उल्लेख भएको कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात जस्ता विषय प्रदेशको अधिकारको सूचीमा रहेका छन्। नागरिकहरूलाई स्वच्छ र स्वस्थ्य वातावरण उपलब्ध गराउन जल प्रदुषण, स्थल प्रदुषण, ध्वनी प्रदुषण र वायु प्रदुषण नियन्त्रणका विभिन्न उपायहरू कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ।

आफ्नो अधिकारको सूचीमा रहेका उल्लिखित विषयमा आवश्यक कानून बनाउने, नीति बनाउने तथा आवश्यक कार्यहरू गर्ने कर्तव्य प्रदेश सरकारको हुने भएकोले जल, स्थल, ध्वनी र वायु प्रदुषण नियन्त्रणका उपायहरू अवलम्बन गर्दै समग्र वनस्पति र जीवहरू (flora and fauna) को समग्र पारिस्थितिक प्रणाली (ecosystem) विग्रन नदिने वातावरण सिर्जना गर्नेतर्फ पर्याप्त ध्यान दिनु पर्दछ।

जल, स्थल, ध्वनी र वायु प्रदुषण नियन्त्रणका लागि वातावरण व्यवस्थापनका उपायहरू एकापसमा अन्तरसम्बन्धित र परिपूरक समेत हुन्छन्। वातावरण व्यवस्थापन बहुआयामिक विषय भएको तर त्यसको मापनका भरपर्दो र स्वीकार्य सूचकहरूको अभावमा तत्कालका लागि वायुको गुणस्तर मापनलाई प्रदेश सरकारको कार्यसम्पादनको एउटा सूचकको रूपमा समावेश गरिएको छ।

वायु प्रदुषण नियन्त्रण गर्दै यसको गुणस्तरमा सुधार ल्याउनका लागि राष्ट्रिय वन भित्र खाली रहेका क्षेत्रमा वृक्षारोपण गर्ने, आगालागी नियन्त्रणका लागि अग्निरेखा (Fireline) निर्माण गर्ने, आगालागीको दुष्प्रभावबारे जनचेतना अभिवृद्धि गर्ने, प्रदेश भित्रका लोकमार्गको स्तरोन्नतीमा ध्यान दिई सडकबाट धुलो उडी हुन सक्ने प्रदुषण नियन्त्रण गर्ने, प्रदेश भित्र स्थापना भएका तथा हुने कलकारखाना तथा औद्योगिकीकरण प्रक्रियाको अनुगमन गरी धुँवा, धुलो तथा ध्वनी प्रदुषण नियन्त्रणको प्रवन्ध गर्ने, कलकारखानाबाट उत्सर्जन हुने फोहर र त्यसमा रहेका

सदस्य सदस्य सदस्य अध्यक्ष

रासायनिक यौगिकहरू (chemical compounds) बाट हुने जल, जमीन र वायु प्रदुषण नियन्त्रण गर्ने, यातायातका साधनहरूको निरीक्षण परीक्षण गरी त्यस्ता साधनबाट फैलन सक्ने प्रदुषण नियन्त्रणका प्रभावकारी उपायहरू अपनाई प्रदेश भित्रको वातावरणको स्वच्छता कायम गर्ने लगायतका क्रियाकलापहरू गर्न सकिने हुन्छ। वातावरण आफैमा वाह्यता सहितको सार्वजनिक सम्पत्ति (public good with externalities) भएको तथा यसको प्रभाव कुनै भौगोलिक सिमाभन्दा बाहिर समेत पोखिने (spillover) चरित्रको भए तापनि प्रदेशले वातावरणीय स्वच्छता कायम गर्न गरेका क्रियाकलापको प्रभाव प्रदेश भित्रको वायुको गुणस्तरको अवस्थामा समेत प्रतिविम्बित हुन्छ। मानव स्वास्थ्यको जोखिम पक्षलाई विचार गर्दा सर्ने र नसर्ने दुबै खाले रोग बढाउन वायु प्रदुषणको भूमिका रहेको हुन्छ। तसर्थ, वातावरणीय स्वच्छता कायम गर्न प्रदेश सरकारले विशेष ध्यान पुऱ्याउनु आवश्यक छ।

वातावरण विभागले प्रत्येक प्रदेशमा वायु प्रदुषणको स्तर वा वायुको गुणस्तर मापन गर्न वायु गुणस्तर मापन केन्द्र स्थापना गरेको छ। नेपालका सातवटै प्रदेशमा गरी नेपालभर २७ वटा यस्ता केन्द्रहरू सञ्चालनमा रहेका छन्। यस्ता केन्द्रबाट मापन भई वातावरण विभाग मार्फत प्राप्त हुने **वायु गुणस्तर सुचकाङ्क (Air Quality Index)** को आधारमा प्रदेशको गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको **वायु गुणस्तर सुचकाङ्कको** तुलनामा गत आर्थिक वर्षको **वायु गुणस्तर सुचकाङ्कमा** सुधार भएको देखिए यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने सुधार नभएको देखिए यस सुचक वापत तोकिएको अङ्क प्रदान गरिने छैन। यस सूचकको अङ्कभार ५ तोकिएको छ।

प्रत्येक आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र आयोगले वातावरण विभागबाट वायुको गुणस्तर सम्बन्धी तथ्याङ्क प्राप्त गरी सो आधारमा प्रदेशको वायु गुणस्तरको अवस्था सम्बन्धी सूचकको मापन गर्ने हुँदा यस सूचकको विवरण आयोगले नै अनलाइन पोर्टलमा प्रविष्टि गर्नेछ।

**१०. प्रदेश तहमा व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धि प्रतिशतः**

सामुदायिक वन, साझेदारी वन लगायत समुदायमा आधारित वन व्यवस्थापनको रुपमा नेपालको कुल वन क्षेत्रको झण्डै ४० प्रतिशत वन क्षेत्र स्थानीय समुदायबाट संरक्षण तथा व्यवस्थापन हुंदै आएको छ। पन्ध्रौं योजनामा सामुदायिक,साझेदारी, कबुलियती लगायत समुदायमा आधारित वन व्यवस्थापन अन्तर्गत रहेको राष्ट्रिय बनको हिस्सा ४५ प्रतिशत पु-याउने लक्ष्य राखिएको छ। आर्थिक वर्ष २०७६।७७ को अन्त्य सम्ममा सामुदायिक वन तर्फ २३,६८२ उपभोक्ता समूहलाई २४,९०,१९४ हेक्टर वनक्षेत्र, साझेदारी वन तर्फ ३१ समूहलाई ७५,६१४ हेक्टर वनक्षेत्र, कबुलियती वन तर्फ ७,९७६ समूह वा संस्थालाई ४,५८४.७४ हेक्टर वनक्षेत्र, धार्मिक वन तर्फ १८६ धार्मिक संस्थालाई २,८९६.५७ हेक्टर वनक्षेत्र तथा १० संरक्षित वनको १,९२,०२७ हेक्टर वनक्षेत्र समुदाय मार्फत व्यवस्थापनको लागि उपलब्ध गराइएको छ।

सदस्य सदस्य सदस्य अध्यक्ष

नेपालको संविधानको अनुसूची ६ अनुसार राष्ट्रिय वन प्रदेशको अधिकारको सूचीमा रहेको छ। अतः यस्तो वनको संरक्षण/सम्बर्द्धन/ व्यवस्थापन गर्ने कार्यमा प्रदेश सरकारको सक्रिय भूमिका रहेको हुन्छ। सामुदायिक,साझेदारी,कबुलियती लगायत समुदायमा आधारित माध्यमबाट व्यवस्थापन भएको वनको क्षेत्रफलमा भएको बृद्धिको आधारमा यस सूचकको अङ्क प्रदान गरिने भएकोले यस सूचक अन्तर्गत प्रदेश सरकारले अघिल्लो आर्थिक वर्ष समुदायमा आधारित वन व्यवस्थापनको लागि राखेको लक्ष्यको तुलनामा ८० प्रतिशत वा सो भन्दा बढी प्रगति गरेको भए यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने ८० प्रतिशतभन्दा कम प्रगति गरेको देखिए यस सूचक वापत तोकिएको अङ्क प्रदान गरिने छैन। यस सूचकको अङ्कभार ५ तोकिएको छ।

यस सूचकको कार्य प्रगति सम्बन्धी तथ्याङ्क प्रदेश स्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा सङ्घीय वन तथा वातावरण मन्त्रालयबाट प्राप्त गरि यस सूचकको कार्य प्रगति मापन गरिनेछ। प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र समुदायमा आधारित वन व्यवस्थापन गरिएको वनको क्षेत्रफल सम्बन्धी विवरण अनलाइन पोर्टलमा प्रविष्टि गरि सो तथ्याङ्कलाई प्रमाणित गर्ने दस्तावेज अनलाइन पोर्टलमा अपलोड गर्नुपर्दछ।

**११. आयोगले तयार गरेको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको:**

आयोगबाट कार्य सम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनको लागि प्रदेश सरकारको कार्य सम्पादन मापन गर्न तय गरिएका माथि सि.नं. १ देखि १० सम्मका सूचकहरूमध्ये प्रदेश सरकारका निकायहरूबाट प्राप्त हुने कार्य प्रगति प्रमाणित गर्ने दस्तावेज सहित तत् तत् सूचकमा उल्लेख गरिएको समय सिमा भित्र आयोगलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने प्रयोजनको लागि आयोगले एक अनलाइन पोर्टल तयार गरी आयोगको वेभसाइटमा समावेश गरी राखेछ। प्रदेश सरकारले प्रत्येक सूचकको कार्य प्रगति सो सूचकमा उल्लेख भएको समय सिमा भित्रै यस पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। साथै सो कार्यलाई प्रमाणित गर्ने दस्तावेज समेत पोर्टलमा अपलोड गर्नुपर्नेछ। यसरी प्रतिवेदन गरिएको अवस्थामा यस सूचक वापत तोकिएको अङ्क प्रदान गरिनेछ भने आंशिक रुपमा मात्र प्रतिवेदन गरेमा वा पोर्टलको प्रयोग नगरेमा यस सूचक वापतको अङ्क प्रदान गर्ने छैन।

अनलाइन पोर्टल निर्माण भई प्रयोगमा आएको पहिलो पटकको लागि पोर्टल प्रयोग गर्ने अनुमति प्राप्त भएको एक महिना भित्र प्रदेश सरकारले प्रविष्टि गर्नुपर्ने गरी तय भएका माथिका सूचकहरूको जानकारी प्रविष्टि गरि दस्तावेज अपलोड गरेमा यस सूचकको कार्य सम्पादन भएको मानि यस सूचक वापत तोकिएको अङ्कभार प्रदान गरिनेछ। यस सूचकको लागि अङ्कभार १० तोकिएको छ।

## अनुसूची ४
### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
### स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कनको लागि तोकिएका सूचकहरुको व्याख्या, अंकभार तथा मूल्याङ्कन प्रकृया

१. **गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगर सभामा पेश गरे/नगरेको:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्दछ। कानूनले तोकेको म्यादभित्र आय व्ययको अनुमान पेश भएमा सभामा त्यस उपर विस्तृत रुपमा छलफल भई आवश्यकतानुसार परिमार्जन समेत गरी त्यसलाई पारित गर्न सकिने हुन्छ। यसर्थ, कानूनले तोकेको समयावधि असार १० गते भित्र नै सभामा बजेट पेश भएको भए यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने असार १० गतेभन्दा पछि बजेट पेश भएको भए यस सूचक वापत कुनै अङ्क प्रदान गरिनेछैन। यस सुचक वापत अङ्कभार ५ तोकिएको छ।

प्रत्येक स्थानीय तहले यस सूचकको कार्य प्रगति सम्बन्धमा असार १५ गते भित्र अनलाइन पोर्टलमा प्रविष्टि गरी आय व्ययको अनुमान विवरण (बजेट पुस्तिका) वा बजेट पेश गर्न बसेको सभाको बैठकको माइन्यूट अनलाइन पोर्टलमा अपलोड गर्नुपर्नेछ।

२. **गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगर सभामा पेश गरी असार मसान्त भित्र पारित गरे/नगरेको:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा (६) मा यसरी पेश भएको बजेट असार मसान्त भित्र पारित गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ। असार मसान्तभित्रै बजेट पारित हुन सकेमा नयाँ आर्थिक वर्षको पहिलो दिन देखि नै बजेट कार्यान्वयन गर्न सकिने भई पालिकाभित्रका नागरिकलाई बजेटले लक्षियत गरेका कार्यको प्रतिफल प्रदान गर्न सकिने हुन्छ। यसर्थ, बजेट असार १० गते भित्र पेश गरी असार मसान्तभित्र पारित गरेको अवस्था भए यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिने छ भने असार मसान्त भित्र बजेट

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

पारित नभएको अवस्थामा यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन। यस सूचक वापत अङ्कभार ५ तोकिएको छ।

स्थानीय तहले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको आय व्ययको विवरण सभामा पेश गरी असार मसान्त भित्र पारित गरे नगरेको जानकारी साउन महिनाको पहिलो हसाभित्र अनलाइन पोर्टलमा प्रविष्टि गरी गाउँसभा/नगरसभाबाट आय व्ययको विवरण (बजेट) पारित भएको पुष्ट्याई हुने माइन्युट अपलोड गर्नुपर्नेछ ।

**३. स्थानीय तहले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको:**

नेपालको संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ को उपदफा (२) मा रहेको छ। यसरी स्थानीय तहले सङ्कलन गर्ने राजस्वमध्ये चालीस प्रतिशत रकम समयमै प्राप्त हुन सकेमा प्रदेश तहको प्रशासनिक तथा विकास निर्माण कार्य विना अवरोध सुचारु रुपमा सन्चालन हुनसक्दछ। अतः प्रदेश तहले सन्चालन गर्ने कार्यको लागि नगद प्रवाहको समस्या हुन नदिन प्रत्येक महिना सङ्कलन भएको घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत बाँडफाँड गरिने राजस्वमध्ये प्रदेश तहले प्राप्त गर्ने ४० प्रतिशत हिस्सा मासिक रुपमा प्रदेश तहको सञ्चित कोषमा जम्मा गर्ने स्थानीय तहलाई यस सुचक वापत तोकिएको शत प्रतिशत अङ्कभार दिइनेछ भने प्रत्येक महिना असुल भएको यस्तो कर नियमित किसिमले मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला नगर्ने स्थानीय तहलाई यस सूचक वापतको अङ्कभार प्रदान गरिने छैन। यस सूचकको अङ्कभार ५ तोकिएको छ।

प्रत्येक स्थानीय तहले प्रदेश सञ्चित कोषमा घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर रकम जम्मा गरेको विवरणको जानकारी रकम जम्मा गरेको महिना समाप्त भएको एक हसा भित्र आयोगको पोर्टलमा प्रविष्टि गरी प्रदेश तहको सञ्चित कोषमा राजस्व रकम जम्मा भएको प्रमाणित हुने दस्तावेज अपलोड गर्नुपर्नेछ।

उदाहरण: एक महानगरपालिकाले आर्थिक वर्ष २०७७।७८ को श्रावण महिनामा घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत रु. १ करोड असुल गरेको रहेछ। यस्तो अवस्थामा रु. १ करोडको ६० प्रतिशतले हुने रु. ६० लाख सो महानगरपालिकाले आफ्नो सन्चित कोषमा दाखिला गरी बाँकी रु. ४० लाख सम्बन्धित प्रदेशको सञ्चित कोषमा



सदस्य सदस्य सदस्य अध्यक्ष

भाद्र महिना भित्र नै जम्मा हुने गरी उपलब्ध गराउनुपर्दछ। यसरी प्रदेश सञ्चित कोषमा घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर रकम जम्मा गरेको विवरणको जानकारी सो महानगरपालिकाले रकम जम्मा गरेको महिना समाप्त भएको एक हप्ता भित्र अर्थात असोज महिनाको पहिलो हप्ता भित्र आयोगको पोर्टलमा प्रविष्टि गरी प्रदेश तहको सञ्चित कोषमा राजस्व रकम जम्मा भएको प्रमाणित हुने दस्तावेज अपलोड गर्नुपर्नेछ। यसैगरी प्रत्येक महिनामा असुल भएको शुल्क/कर वापतको रकममध्ये प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा उपलब्ध गराउनु पर्दछ ।

**४. स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेको:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (१) ले प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ। आगामी आर्थिक वर्षको लागि स्थानीय तहले वित्तीय हस्तान्तरण वापत के कति रकम सङ्घीय सरकारबाट प्राप्त गर्ने अपेक्षा गरेका छन् भन्ने पूर्व जानकारी हासिल गरी बजेट तयारी कार्य गर्न यस्तो विवरणले सङ्घीय सरकारलाई मद्दत गर्दछ। समयमै यस्तो विवरणको उपलब्धताले सङ्घिय सरकारलाई स्थानीय तहसँग छलफल गरी यथार्थपरक बजेट निर्माण गर्न सहयोग पुग्दछ। यो विवरण प्रभावकारी बजेट निर्माणको एउटा सशक्त औजार हो। अतः यस्तो विवरण प्रत्येक स्थानीय तहले चालु आर्थिक वर्षको पुस मसान्त भित्रै सङ्घीय अर्थ मन्त्रालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था कार्यान्वयन हुन जरुरी छ।

यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ। वित्तीय समानीकरण अनुदान सिफारिस गर्दाको चालु आर्थिक वर्षको पुस मसान्त भित्र स्थानीय तहले यस्तो विवरण सङ्घीय अर्थ मन्त्रालयमा पठाएको भए यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने विवरण नपठाएको वा पुस मसान्त पछि पठाएमा कुनै अङ्कभार प्रदान गरिनेछैन।

प्रदेश स्थानीय तहले यस सूचक अनुसारको आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण पुस मसान्त भित्र सङ्घीय अर्थ मन्त्रालयमा पठाएको विषयको जानकारी अनलाइन पोर्टलमा माघ महिनाको पहिलो हप्ता भित्र प्रविष्टि गरि सङ्घीय अर्थ मन्त्रालयमा पठाएको प्रमाण अपलोड समेत गर्नुपर्नेछ।

**५. स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको:**

सदस्य सदस्य सदस्य अध्यक्ष

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३० को उपदफा (३) ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय तहले वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाहीहरू पारदर्शिता कायम गरी गरेको छ, छैन भन्ने जानकारी पाउने हक प्रत्येक नागरिकलाई हुन्छ। यसै गरी गत आर्थिक वर्षको बजेट कार्यान्वयनमा के कस्ता कमि कमजोरी रहे र ती कमि, कमजोरीहरूलाई समाधान गरी आगामी दिनमा त्यस्ता कमजोरी दोहोरिन नदिन अवलम्बन गर्नुपर्ने उपायको जानकारी समेत वजेट समिक्षाले प्रदान गर्दछ। यसर्थ, गत आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाको सम्बन्धमा चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रै समिक्षा गरी वेभसाइट, सूचना पाटी वा सार्वजनिक सञ्चार माध्यम मार्फत प्रकाशन गरेको भए यस सूचक वापतको शतप्रतिशत अङ्क प्रदान गरिनेछ। अन्यथा यस सूचक वापतको कुनै अङ्क प्रदान गरिनेछैन। यस सूचकको लागि अङ्कभार ५ तोकिएको छ।

प्रत्येक स्थानीय तहले अघिल्लो आर्थिक वर्षको बजेटको समिक्षा गरी चालु आर्थिक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरेको जानकारी मार्ग महिनाको पहिलो हप्ता भित्र अनलाइन पोर्टलमा प्रविष्टि गरि बजेट समिक्षा गरेको प्रमाणित हुने माइन्युट अनलाइन पोर्टलमा अपलोड गर्नुपर्नेछ।

६. **स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थाः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसूची ३ मा उल्लेख गरिए अनुसारको कर तथा गैर कर प्रदेश कानून बमोजिम लगाउन र उठाउन सक्ने कानूनी व्यवस्था सोहि ऐनको दफा ३ को उपदफा (३) मा रहेको छ। यस्तै दफा २१ को उपदफा (३) मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था छ।

स्थानीय तहले आफ्नो पालिका भित्रको विकासको गतिलाई तीव्रता प्रदान गर्न आफ्नो अधिकार क्षेत्र भित्रको राजस्वका स्रोतहरूको प्रभावकारी परिचालन गर्दै राजस्व सङ्कलन बढाउंदै जानुपर्दछ। स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका स्रोतबाट अधिकतम राजस्व सङ्कलन गर्न सकेको अवस्थामा स्थानीय तहको प्रशासनिक र विकास कार्यको लागि अन्य स्रोत माथिको निर्भरता कम हुंदै जान्छ। कार्य कुशलता राम्रो भएको स्थानीय तहले राजस्वको लक्ष्य यथार्थपरक किसिमले प्रक्षेपण गर्न सक्दछ र प्रक्षेपण गरिएको राजस्व लक्ष्य अनुसार सङ्कलन पनि गर्न सक्दछ। समग्रमा यस सूचकले स्थानीय तहको राजस्व परिचालनको प्रयत्नलाई मापन गर्नेछ।

सदस्य सदस्य अध्यक्ष

यस सूचकलाई अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्था र अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्था गरी २ भागमा बाँडिएको छ।

**(क) अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व सङ्कलनको अवस्था:**

यस उपसूचकको अङ्कभार ७ तोकिएको छ। यस अन्तर्गत सबै स्थानीय तहले गत आर्थिक वर्षको लागि राजस्व सङ्कलनार्थ अनुमान गरेको अङ्कमा सवै स्थानीय तहले सङ्कलन गरेको राजस्वको औषत प्रतिशत गणना गरिनेछ। शतप्रतिशत वा सो भन्दा बढी प्रतिशत प्रगति गर्ने स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने औषत प्रतिशतभन्दा बढी प्रतिशत राजस्व सङ्कलन गर्ने स्थानीय तहलाई औषत प्रक्षेपित राजस्व संकलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व संकलन प्रतिशतको समानुपातिक आधारमा यस सूचकको लागि छुट्याइएको अङ्क प्रदान गरिनेछ र औषत प्रतिशत भन्दा कम प्रतिशत राजस्व सङ्कलन गर्ने स्थानीय तहलाई यस सूचक वापत कुनै अङ्क प्रदान गरिने छैन।

यस सूचकको सम्बन्धमा तालिका १ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छ:

**तालिका १**

| स्थानीय तह (१) | राजस्व सङ्कलनको प्रक्षेपित लक्ष्य (२) | यथार्थ राजस्व सङ्कलन (३) | राजस्व सङ्कलन प्रतिशत (४) | औषत राजस्व सङ्कलन प्रतिशत (५) | औषत प्रक्षेपित राजस्व संकलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व संकलन प्रतिशतको प्रगति अवस्था (६) | प्राप्त हुने अङ्क (७) (कोलम ६ Xसूचकको अङ्कभार) १००-औषत राजस्व सङ्कलन प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | १००००० | १०१००० | ११०=१०० | ९५.१९ | ४.८१ | ७ |
| २ | १०५००० | ९९००० | ९४.२८ | | -०.९१ | ० |
| ३ | ३००००० | ३०४००० | १०३.३३=१०० | | ४.८१ | ७ |
| ४ | १०२००० | ९९००० | ९७.०५ | | १.८६ | २.७१ |
| ५ | ११०००० | १००००० | ९०.९० | | -४.२९ | ० |
| ६ | ९२००० | ९८००० | १०६.५२=१०० | | ४.८१ | ७ |
| ७ | १५०००० | १२०००० | ८० | | -१५.१९ | ० |
| ८ | २००००० | १७५००० | ८७.५० | | -७.६९ | ० |
| ७५३ | ९०००० | ९३००० | १०१.०१=१०० | | ४.८१ | ७ |
| जम्मा | १२४९००० | ११८९००० | ९५.१९ | | | |

माथिको तालिकामा उल्लेख गरिए बमोजिम स्थानीय तह १, ३ ,६ र ७५३ ले शतप्रतिशत भन्दा बढी राजस्व सङ्कलनको प्रगति गरेकोले यी स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ । स्थानीय तह ४ ले लक्ष्य भन्दा कम राजस्व सङ्कलन गरेको भए पनि औषत प्रक्षेपित राजस्व



सदस्य सदस्य सदस्य अध्यक्ष

सङ्कलन लक्ष्यको तुलनामा अधिक प्रतिशत राजस्व असुली गरेकोले यो स्थानीय तहलाई यस सूचक वापत छुट्याइएको अङ्क औषत प्रक्षेपित राजस्व संकलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व संकलन प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ।

प्रत्येक स्थानीय तहले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले स्थानीय तहबाट राजस्व सङ्कलनको लक्ष्य र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट स्थानीय तहले सङ्कलन गरेको राजस्वको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

**(ख) अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्था:**

यस सूचक वापत अङ्कभार ६ तोकिएको छ। यस अन्तर्गत सवै स्थानीय तहले विगत २ आर्थिक वर्षमा सङ्कलन गरेको राजस्वलाई मुल आधार लिई औषत राजस्व सङ्कलन बृद्धि प्रतिशत गणना गरिनेछ। सवै स्थानीय तहले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा सङ्कलन गरेको अतिरिक्त राजस्व रकमलाई अघिल्लो वर्ष सङ्कलित कुल राजस्व रकमसँग तुलना गरी औषत राजस्व बृद्धि प्रतिशत गणना गरिनेछ। यस्तो औषत बृद्धी प्रतिशत २० प्रतिशत वा सो भन्दा बढी भएमा यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने औषत राजस्व सङ्कलन प्रतिशतको तुलनामा स्थानीय तहले गत आर्थिक वर्ष सङ्कलन गरेको राजस्व सङ्कलन प्रतिशत बढी भएमा यस सूचक वापतको अङ्क औषत राजस्व सङ्कलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व बृद्धिदरको समानुपातिक आधारमा प्रदान गरिनेछ र यस्तो प्रगति प्रतिशत औषत बृद्धि प्रतिशत भन्दा कम भएमा अङ्क प्रदान गरिनेछैन ।

यस सूचकको सम्बन्धमा तालिका २ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छ:

तालिका २

| स्थानीय तहहरू (१) | आर्थिक वर्ष (२) | | अघिल्लो आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा राजस्व बृद्धि प्रतिशत (३) | अघिल्लो आर्थिक वर्षको तुलनामा औषत राजस्व सङ्कलन बृद्धि प्रतिशत (४) | औषत राजस्व संकलन प्रतिशतको तुलनामा अतिरिक्त राजस्व बृद्धिदरको अवस्था (५) | प्राप्त हुने अङ्क (६) (कोलम ५ X सूचकको अङ्कभार) / कुल अङ्कभारको लागि तोकिएको मापदण्ड - कोलम ४ |
|---|---|---|---|---|---|---|
| | २०७५।७६ | २०७६।७७ | | | | |
| १ | १०००००० | ९६००० | -४ | १.५३ | ० | ० |
| २ | १०८००० | १०७००० | -०.९३ | | ० | ० |
| ३ | ३००००० | ३०५००० | १.६७ | | ०.१४ | .०४ |
| ४ | १०३००० | १०५००० | १.९४ | | ०.४१ | .१३ |



सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | १०७००० | १११००० | ३.७४ | | २.२१ | .७२ |
| ६ | ९०००० | ९८००० | ८.८८ | | ७.३५ | २.३९ |
| ७ | ९५००० | ९७००० | २.११ | | ०.५८ | .१९ |
| ८ | १५०००० | १५५००० | ३.३३ | | १.८० | .५८ |
| ७५३ | २५०००० | २४९००० | -०.६७ | | ० | ० |
| जम्मा | १३०३००० | १३२३००० | १.५३ | | १.५३ | |

यस उदाहरणमा स्थानीय तह ३, ४, ५, ६, ७ र ८ ले औषत राजस्व सङ्कलन बृद्धी प्रतिशत भन्दा बढी प्रतिशत राजस्व सङ्कलन गरेको र अरु स्थानीय तहले औषत राजस्व सङ्कलन बृद्धी प्रतिशतभन्दा कम प्रतिशत मात्र राजस्व सङ्कलन बृद्धि गरेको देखिन्छ। अतः यस सूचक वापतको अङ्कभार ६ मध्ये स्थानीय तह ३, ४, ५, ६, ७ र ८ ले क्रमशः ०.४, ०.१३, ०.७२, २.३९, ०.१९ र ०.५८ प्राप्त गर्नेछन भने स्थानीय तह १,२ र ७५३ को राजस्व सङ्कलन बृद्धि प्रतिशत औषत राजस्व सङ्कलन बृद्धि प्रतिशत भन्दा कम भएकोले यी स्थानीय तहले यस सूचक वापतको कुनै अङ्क पाउने छैनन ।

प्रत्येक स्थानीय तहले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले महालेखा नियन्त्रक कार्यालयको सुत्र प्रणालीबाट तथ्याङ्क प्राप्त गरी यस सूचकको प्रगतिलाई सत्यापान गर्नेछ।

**७. स्थानीय तहको गत आर्थिक वर्षको विनियोजित रकम अनुसार खर्चको अवस्थाः**

यस सूचकलाई (क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत, र (ख) कुल पूँजीगत विनियोजित रकममा कुल पूंजीगत खर्चको प्रतिशत गरी २ भागमा बाँडिएको छ।

**(क) कुल विनियोजित रकममा कुल खर्चको प्रतिशतः**

कुल विनियोजित रकमभित्र प्रशासनिक र पूँजीगत दुवै प्रकृतिको खर्च समावेश भएको हुन्छ। स्थानीय तहले आफ्नो क्षेत्र भित्रको समग्र प्रशासनिक तथा विकास निर्माण कार्य सन्चालन गर्न प्रत्येक आर्थिक वर्षको असार १० गते भित्र सभामा बजेट पेश गरी सभाबाट स्वीकृत गराई कार्यान्वयनमा लैजानुपर्दछ । बजेटमा विनियोजन भए अनुसारको सवै रकम खर्च भएको अवस्थामा बजेटले लक्षित गरे अनुसारको उपलब्धि हासिल हुन्छ। यो सूचकले स्थानीय तहले गर्ने कार्यको नतिजालाई मापन गर्दछ। स्थानीय तहलाई यथार्थपरक बजेट निर्माण गरी नतिजा हासिल हुने गरी खर्च गर्न यो सूचकले प्रेरित गर्नेछ। यस उपसूचकको लागि अङ्कभार ७ तोकिएको छ।

वित्तीय समानीकरण अनुदान सिफारिस गर्दाको आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षमा सवै स्थानीय तहले गरेको कुल खर्चलाई आधार मानि स्थानीय तहको औषत खर्च प्रतिशत गणना गरिनेछ। शतप्रतिशत विनियोजित बजेट खर्च गर्ने स्थानीय तहलाई यस सूचक वापतको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने औषत खर्च प्रतिशत भन्दा बढी प्रतिशत खर्च गर्ने स्थानीय तहलाई यस सूचक वापत छुट्याइएको अङ्कभार औषत खर्च प्रतिशतको तुलनामा अतिरिक्त प्रगति प्रतिशतको समानुपातिक आधारमा प्रदान

सदस्य   सदस्य   सदस्य   अध्यक्ष

गरिनेछ र औषत खर्च प्रतिशतको तुलनामा कम प्रतिशत खर्च गर्ने स्थानीय तहलाई यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन।

प्रत्येक स्थानीय तहले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले स्थानीय तहको कुल खर्चको अवस्था देखिने स्थानीय सञ्चित कोष प्रणाली (SUTRA) बाट खर्चको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

यस सूचकको सम्बन्धमा तालिका ३ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छः

तालिका ३

| स्थानीय तह (१) | कुल बजेट विनियोजन (२) | कुल खर्च (३) | विनियोजनमा खर्च प्रतिशत (४) | औषत खर्च प्रतिशत (५) | औषत खर्च प्रतिशतको तुलनामा अतिरिक्त प्रगति प्रतिशतको अवस्था (६) | प्राप्त हुने अङ्क (७) कोलम६xसूचकको अङ्कभार / १००- औषत खर्च_प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | (३/२) | | (४-५) | |
| १ | १००००० | ९९००० | ९९ | ९५.९५ | ३.०५ | ५.२७ |
| २ | १०५००० | १०२००० | ९७.१४ | | १.१९ | २.०६ |
| ३ | ३००००० | २९०००० | ९६.६७ | | ०.७२ | १.२४ |
| ४ | १०२००० | ९५००० | ९३.१३ | | -२.८२ | ० |
| ५ | ११०००० | १०१००० | ९१.८२ | | -४.१३ | ० |
| ६ | ९२००० | ८५००० | ९२.३९ | | -३.५६ | ० |
| ७ | ९०००० | ८९००० | ९८.८९ | | २.९४ | ५.०८ |
| ८ | १२५००० | १२५००० | १०० | | ४.०५ | ७ |
| ७५३ | १६०००० | १५०००० | ९३.७५ | | -२.२ | ० |
| — | ११८४००० | ११३६००० | ९५.९५ | | | |

यस तालिकामा उल्लेख गरिए अनुसार स्थानीय तह १, २, ३,७ र ८ को कुल खर्च स्थानीय तहको औषत खर्च प्रतिशत ९५.९५ प्रतिशत भन्दा बढी भएकोले यस सूचक वापत क्रमशः ५.२७, २.०६, १.२४, ५.०८ र ७ अङ्क पाउनेछन भने स्थानीय तह ४, ५, ६ र ७५३ को खर्च प्रतिशत औषत खर्च प्रतिशतभन्दा कम भएकोले यी स्थानीय तहले यस सूचक वापतको अङ्क पाउने छैनन।

**(ख) कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतः**

यस अन्तर्गत सवै स्थानीय तहले गत आर्थिक वर्षको बजेटमा विनियोजन गरेको कुल पूँजीगत रकममध्ये भएको कुल खर्चको आधारमा स्थानीय तहको औषत पूँजीगत खर्च प्रतिशत गणना गरिनेछ। विनियोजित पूँजीगत बजेट शतप्रतिशत खर्च गर्ने स्थानीय तहलाई यस सूचक वापत



सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

तोकिएको शतप्रतिशत अङ्कभार दिइनेछ भने औषत पूँजीगत खर्च प्रतिशत भन्दा बढी प्रतिशत पूँजीगत खर्च गर्ने स्थानीय तहलाई यस सूचक वापत छुट्याइएको अङ्क मध्ये औषत पूँजीगत खर्च प्रतिशतको तुलनामा स्थानीय तहगत अतिरिक्त प्रगति प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ भने औषत पूँजीगत खर्च प्रतिशतको तुलनामा कम प्रतिशत पूँजीगत खर्च गर्ने स्थानीय तहलाई यस सूचक वापतको कुनै अङ्क प्रदान गरिनेछैन। यस सूचकको अङ्कभार ८ तोकिएको छ।

प्रत्येक स्थानीय तहले यस सूचकको प्रगति अवस्था आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले स्थानीय तहको कुल पूँजीगत खर्चको अवस्था देखिने स्थानीय सञ्चित कोष प्रणाली (SUTRA) बाट पूँजीगत खर्चको विवरण लिई यस सूचकको प्रगतिलाई सत्यापन गर्नेछ।

यस सूचकको सम्बन्धमा तालिका ४ मा दिइएको उदाहरणबाट स्पष्ट गरिएको छः

तालिका ४

| स्थानीय तह (१) | कुल पूँजीगत बजेट विनियोजन (२) | पूँजीगत बजेट खर्च (३) | पूँजीगत बजेट विनियोजनमा पूँजीगत बजेट खर्च प्रतिशत (४) | औषत पूँजीगत खर्च प्रतिशत (५) | औषतपूँजीगत खर्च प्रतिशतको तुलनामा अतिरिक्त प्रगति प्रतिशतको अवस्था (६) | प्राप्त हुने अङ्क (७) कोलम६xसूचकको अङ्कभार / १००- औषत खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | (३/२) | | (४-५) | |
| १ | ५०००० | ३५००० | ७० | ८९.९१ | -१९.९१ | ० |
| २ | ६०००० | ४८००० | ८० | | -९.९१ | ० |
| ३ | १००००० | ९१००० | ९१ | | १.०९ | .८६ |
| ४ | ७५००० | ६६००० | ८८ | | -१.९१ | ० |
| ५ | ६५००० | ६२००० | ९५.३८ | | ५.४७ | ४.३४ |
| ६ | ४५००० | ४४००० | ९७.७८ | | ७.८७ | ६.२४ |
| ७ | ४०००० | ३१००० | ७७.५ | | -१२.४१ | ० |
| ७५३ | १५०००० | १४९००० | ९९.३३ | | ९.४२ | ७.४७ |
| | ५८५००० | ५२६००० | ८९.९१ | | | |

यस तालिकामा उल्लेख गरिए अनुसार स्थानीय तह ३, ५, ६ र ७५३ को कुल पूँजीगत खर्च औषत पूँजीगत खर्च प्रतिशत ८९.९१ प्रतिशत भन्दा बढी भएकोले यस सूचक वापत क्रमशः .८६, ४.३४, ६.२४८ र ७.४७ अङ्क पाउनेछन भने स्थानीय तह १, २, ४ र ७ को पूँजीगत खर्च प्रतिशत औषत पूँजीगत खर्च प्रतिशतभन्दा कम भएकोले यी स्थानीय तहले यस सूचक वापतको अङ्क पाउने छैनन।

सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

८. गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औल्याएको बेरुजुको अवस्थाः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २ को देहाय (त) मा बेरुजु भन्नाले प्रचलित कानून बमोजिम पु-याउनुपर्ने रीत नपु-याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरिक्षण गर्दा औल्याइएको वा ठह-याइएको कारोवार सम्झनुपर्छ भनी उल्लेख गरिएको छ। बेरुजुले आर्थिक अनुशासनलाई जनाउने हुनाले प्रदेश सरकारले आर्थिक कारोवार गर्दा यथासम्भव बेरुजु नहुने गरी गर्नुपर्दछ।

बेरुजु अधिक हुनुको तुलनामा बेरुजु नहुनु वा न्यून बेरुजु हुनुलाई स्वभाविक रुपमा राम्रो मानिने हुंदा शून्य वा कम भन्दा कम बेरुजु कायम गर्ने स्थानीय तहलाई अधिक बेरुजु हुने स्थानीय तहको तुलनामा बढी अनुदान उपलब्ध गराई अन्य स्थानीय तहलाई पनि कम बेरुजु कायम गर्ने तर्फ प्रेरित गर्न स्थानीय तहको कार्यसम्पादन मापनको लागि बेरुजुलाई महत्वपूर्ण एक सूचकको रुपमा राखिएको छ।

यस सूचकको मूल्याङ्कन महालेखा परिक्षकको कार्यालयले तयार गर्ने वार्षिक प्रतिवेदनको आधारमा गरिनेछ। महालेखा परीक्षकको कार्यालयले प्रत्येक आर्थिक वर्ष व्यतित भएको मितिले ९ महिना अर्थात चैत्र महिना भित्र अन्तिम लेखा परीक्षण गरी वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने अभ्यास रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (२) मा नेपाल सरकारले आयोगसँग परामर्श गरी चालु आर्थिक वर्षको फागुन मसान्त भित्र दफा (६) बमोजिमको राजस्व बाँडफाँड र दफा ८ बमोजिमको वित्तिय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोले आयोगले वित्तिय समानीकरण अनुदानको सिफारिस महालेखा परीक्षकको कार्यालयबाट गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षणको प्रतिवेदन पेश हुने अवधि भन्दा अगावै फागुन महिना भित्र गरी सक्नुपर्दछ। यस अनुरुप गत आर्थिक वर्षको बेरुजुको अवस्थालाई मूल्याङ्कन गरी कार्य सम्पादनमा आधारित वित्तिय समानीकरण अनुदान सिफारिसमा प्रयोग गर्न नसकिने हुंदा महालेखा परीक्षकको कार्यालयबाट तयार गरिएको गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा उल्लेख भएको स्थानीय तहको बेरुजुलाई मूल्याङ्कनको आधारको रुपमा लिइनेछ।

यस अन्तर्गत सवै स्थानीय तहको बेरुजु प्रतिशतको आधारमा औषत बेरुजु प्रतिशत गणना गरिनेछ र शुन्य बेरुजु हुने स्थानीय तहलाई यस सूचक वापत तोकिएको पूरै अङ्कभार प्रदान गरिनेछ। औषत बेरुजु प्रतिशतभन्दा कम बेरुजु प्रतिशत भएका स्थानीय तहको हकमा प्रत्येक स्थानीय तहको कम बेरुजु प्रतिशतको समानुपितक आधारमा यस सूचक वापतको अङ्क प्रदान

सदस्य सदस्य सदस्य अध्यक्ष

गरिनेछ भने औषत बेरुजु प्रतिशतभन्दा बढी बेरुजु प्रतिशत भएका स्थानीय तहलाई यो सूचक बमोजिमको कुनै अङ्क दिइने छैन। यस सूचकको अङ्कभार १५ कायम गरिएको छ।

यस सूचकको मूल्याङ्कन गरिने सम्बन्धमा तालिका ५ को तथ्यमा आधारित रहि तालिका ६ को उदाहरणबाट स्पष्ट गरिएको छः

मानौं स्थानीय तहको आ.व.२०७५/७६ को रु.७३८२३०१ लाख रकमको लेखापरीक्षण गर्दा रु. ३७४८१९ लाख बेरूजू कायम भएको रहेछ । यस अनुसार कुल औषत बेरुजु ५.०८ प्रतिशत रहेको देखिन्छ। सो आ.व.को केहि स्थानीय तहको पालिकागत बेरुजु देहाय अनुसार रहेछः

तालिका ५

| क.सं. | स्थानीय तह | बेरूजू प्रतिशत |
|---|---|---|
| १ | क | ७ |
| २ | ख | ३.३५ |
| ३ | ग | १.९९ |
| ४ | घ | १४.०३ |
| ५ | ङ | ४.७६ |
| ६ | च | ७.७२ |
| ७ | छ | २.८९ |

यहाँ उल्लेख गरिएका स्थानीय तहहरू मध्ये क, घ र च को बेरुजु प्रतिशत औषत बेरुजु प्रतिशतभन्दा बढी भएकोले यी तीन स्थानीय तहलाई यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन। ख, ग, ङ, र छ स्थानीय तहको बेरुजु प्रतिशत औषत बेरुजु प्रतिशत भन्दा कम भएकोले औषत बेरुजुमा यी स्थानीय तहको न्यून बेरुजुको हिस्साको अनुपात गणना गरी सो बमोजिम यस सूचक वापतको अङ्कभारलाई औषत बेरुजुमा ती स्थानीय तहको न्यून बेरुजुको समानुपातिक हिस्साको आधारमा उपलब्ध गराइनेछ । यसैगरी औषत बेरुजु भन्दा बढी बेरुजु हुने स्थानीय तहलाई यस सूचक वापतको कुनै अङ्क दिइने छैन ।

संक्षेपमा देहायको विधि बमोजिम न्यून बेरुजुको हिस्साको प्रतिशत गणना गरी तालिका ६ अनुसार यस सूचक वापतको अङ्कभार प्रदान गरिनेछ।

१. औषत बेरुजु प्रतिशतबाट औषत बेरुजु भन्दा कम बेरुजु हुने स्थानीय तहको बेरुजु प्रतिशत घटाई औषत बेरुजुमा उक्त स्थानीय तहको न्यून बेरुजुको हिस्सा गणना गर्ने।
२. यसरी आउने प्रत्येक स्थानीय तहको न्यून वेरुजुको हिस्सालाई औषत बेरुजुसँग तुलना गरी सो आधारमा यस सूचकलाई तोकिएको अङ्कभार समानुपातिक हिसावले गणना गरी प्रदान गर्ने।

सदस्य सदस्य सदस्य सदस्य अध्यक्ष

तालिका ६

| क.सं. (१) | स्थानीय तह (२) | स्थानीय तहगत बेरूजू प्रतिशत (३) | औषत बेरुजु (४) | औषत बेरुजु र स्थानीय तहगत बेरुजुको फरक (५) (कोलम ४- कोलम ३) | प्राप्त हुने अङ्क (६) (कोलम ५ X सूचकको अङ्कभार) / कोलम ४ |
|---|---|---|---|---|---|
| १ | ख | ३.३५ | ५.०८ | १.७३ | ५.१० |
| २ | ग | १.९९ | | ३.०९ | ९.१२ |
| ३ | ङ | ४.७६ | | ०.३२ | .९४ |
| ४ | छ | २.८९ | | २.१९ | ६.४७ |

महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण प्रतिवेदन प्राप्त गरेको एक महिना भित्र प्रत्येक स्थानीय तहले लेखा परिक्षण गरिएको कुल अङ्क र कायम भएको बेरुजुको रकम खुलाई अनलाइन पोर्टलमा प्रविष्टि गरी सोलाई प्रमाणित गर्ने प्रमाण अपलोड गर्नुपर्नेछ।

९. **महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) को प्रयोग स्थानीय तहहरूले पूर्ण रुपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको:**

सुत्र स्थानीय तहमा आधारभूत बजेटिङ्ग तथा लेखाङ्कन मापदण्डमा आधारित कारोवारको व्यवस्थापन सहज रुपमा गराउने उदेश्यले विकास गरिएको वेभमा आधारित प्रणाली हो। यस प्रणालीको उपयोगले स्वीकृत आर्थिक संकेत अनुरुप एकरुपतामा आधारित बजेट तर्जुमा तथा लेखाङ्कन कार्य गर्न, आर्थिक प्रशासन तथा वित्तीय प्रतिवेदनमा एकरुपता कायम गर्न, विभिन्न निकायमा गर्नुपर्ने वित्तीय प्रतिवेदन समयमै गुणात्मक रुपमा उपलब्ध गराउन, वित्तीय नियन्त्रण र अनुशासन कायम गर्न, वित्तीय कारोवार विश्वसनीय वनाउन तथा वित्तीय साधनको उपयोगमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्न सहयोग पुर्याउंदछ। यस प्रणालीको प्रयोगबाट राजस्व तथा खर्च अनुमानको अभिलेख तयार हुने, स्थानीय तहको बजेटको विस्तृत विवरण (रेडवुक) निर्माण हुने बजेट सम्बन्धी सबै अनुसूचीहरू र कार्यक्रम तयार हुने, स्वीकृत बजेट अनुसार लेखाङ्कन कार्य हुने र लेखाङ्कन सम्बन्धी लेजर तथा प्रतिवेदनहरू तयार भई प्राप्त हुने हुंदा यस प्रणालीको प्रयोगले स्थानीय तहको समय वचत हुने, प्रतिवेदनहरूको विश्वशनियता बढ्ने हुन्छ। यसर्थ, महालेखा नियन्त्रक कार्यालयबाट निर्माण भई प्रयोगमा आएको यो प्रणालीको प्रयोग स्थानीय तहबाट निरन्तर रुपमा हुनु जरुरी छ। यस सूचकको अङ्कभार ५ तोकिएको छ।

सदस्य सदस्य सदस्य अध्यक्ष

स्थानीय तहले यो प्रणालीको प्रयोग कारोवार भएकै समयमा आर्थिक वर्षको पुरै अवधि निरन्तर रुपमा गरेमा यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ। कारोवार भएको समयमा प्रणालीको प्रयोग नगरी कारोबार भइसकेपश्चात मात्र तत् सम्बन्धी विवरण प्रविष्टि गर्ने गरेको भए यस सूचक वापत तोकिएको अङ्कको पचास प्रतिशत अङ्क मात्र प्रदान गरिनेछ भने आर्थिक वर्षभरि सुत्रको प्रयोग नगरेकोमा वा आशिंक कारोवार मात्र प्रविष्ट गरेकोमा यस सूचक वापत तोकिएको अङ्क प्रदान गरिनेछैन।

प्रत्येक स्थानीय तहले सुत्रको प्रयोग गरे नगरेको वा आशिंक रुपमा गरेको सम्बन्धी विवरणको जानकारी अनलाइन पोर्टलमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र प्रविष्टि गर्नुपर्नेछ। आयोगले महालेखा नियन्त्रक कार्यालयबाट स्थानीयतहगत सुत्र प्रयोगको अवस्था सम्बन्धी विवरण प्राप्त गरी यस सूचकको कार्य प्रगतिको मूल्याङ्कन गर्नेछ।

**१०. स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक योजना तर्जुमा गरे/नगरेको:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्र सुव्यवस्थित विकास कार्य सञ्चालन सुनिश्चित गर्न आवधिक योजना तयार गरेको हुनुपर्दछ। यस्तो आवधिक योजनाले निश्चित अवधि भित्र सञ्चालन गरिने कार्यको रुपरेखालाई लिपिवद्ध गर्ने भएकोले स्थानीय तहले गर्ने कार्यहरूका सम्बन्धमा स्थानीय तह भित्रका वासिन्दाहरू अग्रिम रुपमा सुसूचित हुने, कार्यक्रम सञ्चालनमा सहयोग प्राप्त हुने, सञ्चालन गरिने कार्यको लागि आवश्यक आर्थिक पक्षको व्यवस्थापन गर्न सहज हुने र समग्रमा स्थानीय तहले सञ्चालन गर्ने कार्यको पारदर्शिता कायम हुन गई सुशासनमा टेवा पुर्याउन मद्त गर्दछ। यसर्थ प्रत्येक स्थानीय तहले ३ वर्ष वा ५ वर्ष अवधिको आवधिक योजना निर्माण गरी कार्य गरेमा त्यस्तो स्थानीय तहले उत्तम नतिजा प्राप्त गर्न सक्ने हुन्छ। यसैले योजनाबद्ध विकासलाई अघि बढाउन सहयोगी हुने सूचकलाई अङ्कभार ३ तोकिएको छ। आवधिक योजना तर्जुमा गरेकोमा यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने नगरेको भए यस सूचक वापत कुनै अङ्क दिइने छैन।

प्रत्येक स्थानीय तहले आवधिक योजना तर्जुमा गरेको १ महिनाभित्र आयोगले बनाएको पोर्टलमा सोको जानाकारी प्रविष्टि गर्नुपर्नेछ र यस्तो योजनाको प्रतिलिपि अपोलड समेत गर्नुपर्नेछ।

सदस्य सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

## ११. कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर:

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने व्यवस्था गरेको छ। यसैगरी अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचीमा रहेको छ। पन्ध्रौं योजनामा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक शिक्षामा निशु:ल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय,जीवनपयोगी र प्रविधिमैत्री बनाउने उदेश्य रहेको छ।

खुद विद्यार्थी भर्नादर भन्नाले विद्यालय जाने उमेर समूहका कुल बालबालिकामध्ये विद्यालयमा भर्ना भएका सोहि उमेर समूहका बालबालिकाको प्रतिशतलाई जनाउंछ। पन्ध्रौं योजनाको अन्त्यसम्ममा आधारभूत तहमा खुद विद्यार्थी भर्नादर ९९ प्रतिशत पुर्याउने उदेश्य राखिएको छ। योजनाले लिएको लक्ष्य प्राप्तिको लागि विद्यार्थीको भर्ना दर बढाउदै जानुपर्दछ। यसैले प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका आधारभूत तहमा अध्ययन गर्ने उमेर समुहका सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालय जाने उपयुक्त वातावरण मिलाउने कार्यमा ध्यान दिनुपर्दछ। स्थानीय तहहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पढ्न पठाउनको लागि अभिभावकहरूलाई प्रेरित गर्ने, जनचेतना जगाउने, विभिन्न किसिमका सुविधाका प्याकेजहरू कार्यान्वयन गर्ने जस्ता कार्य गरी खुद विद्यार्थी भर्ना दर बढाउन सक्दछन्।

यस सूचकको लागि अङ्कभार ३ तोकिएको छ। शतप्रतिशत खुद भर्नादर भएका स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने राष्ट्रिय औषत खुद भर्नादर भन्दा बढी भर्ना दर भएका स्थानीय तहलाई यस सूचक वापत तोकिएको अङ्क खुद भर्ना दरको समानुपातिक आधारमा प्रदान गरिनेछ र राष्ट्रिय औषत खुद भर्ना दर भन्दा कम खुद भर्ना दर भएका स्थानीय तहलाई यस सूचकको कुनै अङ्क प्रदान गरिने छैन।

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समूहका कुल बालबालिकाको संख्या र सोहि उमेर समूहका विद्यालय भर्ना भएका बालबालिकाको संख्या सम्बन्धी विवरण शैक्षिक सत्र शुरु भएको १ महिना भित्र आयोगको अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालयबाट यस सम्बन्धी विवरण प्राप्त गरी यस सूचकको कार्य प्रगतिको सत्यापन गर्नेछ।

यस सूचक वापत अङ्क उपलब्ध गराउने सम्बन्धमा देहायको उदाहरणबाट स्पष्ट गरिएको छ:

उदाहरण: मानौं, ५ वटा स्थानीय तहको क्षेत्र भित्र विद्यालय जाने उमेर समूहका बालबालिकाको संख्या र विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थीको संख्या तालिका ७ को कोलम २ र ३ मा उल्लेख गरिए बमोजिम रहेछ । यस अनुसार स्थानीय तह भित्र रहेका विद्यालय जाने उमेर समूहका कुल बालबालिकाको संख्याले विद्यालयमा भर्ना भई अध्ययनरत

सदस्य सदस्य सदस्य

सोहि उमेर समूहका विद्यार्थीको संख्यालाई भाग गरी कोलम ४ बमोजिम स्थानीय तहगत खुद भर्नादर गणना गरिनेछ र यी ५ स्थानीय तह भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाको कुल संख्याले विद्यालय भर्ना भएका सोहि उमेर समूहका बालबालिकाको कुल संख्यालाई भाग गरी औषत खुद भर्नादर गणना गरिनेछ । स्थानीय तहगत खुद भर्ना दर र औषत खुद भर्ना दरको धनात्मक फरकको समानुपातिक आधारमा यस सूचक वापत तोकिएको अङ्क कोलम ७ बमोजिम गणना गरी दिइनेछ ।

तालिका नं. ७

| स्थानीय तह (१) | विद्यालय जाने उमेरका बालबालिकाको संख्या (२) | विद्यालयमा भर्ना भई अध्ययनरत बालबालिकाको संख्या (३) | स्थानीय तहगत खुद भर्ना दर (४) | औषत खुद भर्ना दर (५) | औषत खुद भर्नादरको तुलनामा सम्बन्धित स्थानीय तहको खुद भर्ना दरको अवस्था (६) | प्राप्त हुने अङ्क (७) कोलम ६ x सूचकको अङ्क / १००-कोलम ५ |
|---|---|---|---|---|---|---|
| क | ३०० | २९८ | ९९.३३ | ९५.७२ | ३.६१ | २.२६ |
| ख | ३५० | ३३० | ९४.२९ | | -१.४३ | ० |
| ग | ४०० | ३९० | ९७.५० | | १.७८ | १.२५ |
| घ | ५०० | ४८० | ९६ | | ०.२८ | .२० |
| ङ | ६०० | ५६० | ९३.३३ | | -२.३९ | ० |
| | २१५० | २०५८ | ९५.७२ | | | |

यसै गरी ७५३ स्थानीय तहको स्थानीय तहगत खुद भर्नादर र राष्ट्रिय औषत भर्ना दर गणना गरी यस सूचक वापत तोकिएको अङ्कभार प्रदान गरिनेछ ।

## १२. कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दरः

विद्यार्थी टिकाउ दरले कुनै कक्षामा भर्ना भएका विद्यार्थीहरू कक्षा नदोहोर्याई त्यो भन्दा माथिल्लो तहको कक्षामा पुगेको अवस्थालाई जनाउंदछ। विद्यालय छोड्ने, कक्षा दोहोर्याउने र उतिर्ण भइ जाने जस्ता गतिविधिले विद्यार्थीको टिकाउ दर फरक पर्दछ। टिकाउ दरले खास गरी कुनै संस्थाले अपनाएको शिक्षा प्रणालीको सक्षमता मापन गर्दछ। जति बढी विद्यार्थी टिकाउ दर भयो त्यति नै बढि त्यस्तो संस्थाको कार्य क्षमता राम्रो भएको मानिन्छ।

स्थानीय तहले विद्यालय तहको शिक्षा प्रणालीमा कस्तो कार्य सम्पादन गरेका छन भन्ने जानकारी लिन कक्षा ८ मा अध्ययनरत विद्यार्थीको कुल संख्यामध्ये कति विद्यार्थी उतिर्ण भई कक्षा ९ मा अध्ययनरत रहेकाछन भन्ने मापन गर्न यो सूचक राखिएको छ। यस अन्तर्गत अघिल्लो वर्ष कक्षा ८ मा अध्ययनरत विद्यार्थी संख्याले चालु आर्थिक वर्षमा कक्षा ९ मा अध्ययनरत विद्यार्थी संख्यालाई



सदस्य सदस्य सदस्य अध्यक्ष

भाग गरी विद्यार्थी टिकाउ दर गणना गरिनेछ । शतप्रतिशत टिकाउ दर भएका स्थानीय तहलाई यस सूचक वापतको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने राष्ट्रिय औषत टिकाउ दर भन्दा बढी टिकाउ दर भएका स्थानीय तहहरूलाई समानुपातिक आधारमा यस सूचक वापतको अङ्कभार प्रदान गरिनेछ र राष्ट्रिय औषत टिकाउ दर भन्दा कम टिकाउ दर भएका स्थानीय तहलाई यस सूचक वापत कुनै अङ्क प्रदान गरिनेछैन। यस सूचक वापत अङ्कभार ३ तोकिएको छ। यस सूचंक वापत स्थानीय तहलाई तालिका ७ मा उल्लेख गरिएको विधि अनुसार अङ्क गणना गरि प्रदानगरिनेछ ।

प्रत्येक स्थानीय तहले शैक्षिक सत्र शुरु भएको १ महिना भित्र अघिल्लो वर्ष आफ्नो पालिकाभित्र रहेका सवै विद्यालयहरूमा कक्षा ८ मा कति विद्यार्थी अध्ययनरत थिए र हाल कक्षा ९ मा कति विद्यार्थी अध्ययनरत छन भन्ने विवरण उल्लेख गरी आयोगको अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट यस सम्बन्धी तथ्याङ्क प्राप्त गरी स्थानीय तहहरूले प्रविष्टि गरेका विवरणलाई सत्यापन गर्नेछ।

**१३. सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशतः**

स्थानीय तहले कक्षा १० सम्मको शैक्षिक विकासमा गरेको प्रयत्नको प्रतिफल राष्ट्रिय शिक्षा वोर्डले सञ्चालन गर्ने कक्षा १० को अन्तिम परिक्षा अर्थात माध्यमिक शिक्षा परिक्षाको परिमाणले देखाउँछ। स्वभाविक रुपमा शिक्षाको विकासमा लगानी गर्ने स्थानीय तहको कक्षा १० को अन्तिम परिक्षाको परिणाम उच्च हुन्छ भने कम लगानी गर्ने स्थानीय तहको परिणाम कम हुन सक्दछ। राष्ट्रिय शिक्षा वोर्डले लिने यस्तो परिक्षाको परिणामलाई आधारको रुपमा लिई स्थानीय तहले शैक्षिक क्षेत्रमा गरेको कार्य सम्पादन मापन गर्ने उदेश्यले यो सूचक तय गरिएको छ। यस अन्तर्गत प्रत्येक स्थानीय तहको क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयबाट राष्ट्रिय परिक्षा वोर्डले सञ्चालन गरेको कक्षा १० को माध्यमिक शिक्षा परिक्षामा सहभागी भएका विद्यार्थीमध्ये कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरी उतिर्ण भएको विद्यार्थी संख्यालाई परिक्षामा सहभागी भएको विद्यार्थी संख्याले भाग गरी उतिर्ण प्रतिशत गणना गरिनेछ। क्रक्षा १० को परिक्षामा संलग्न भएका सामुदियक विद्यालयका शतप्रतिशत विद्यार्थीहरु कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरी उतिर्ण गराउने स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्कभार प्रदान गरिनेछ भने राष्ट्रिय औषत उतिर्ण प्रतिशत भन्दा बढि उतिर्ण प्रतिशत हुने स्थानीय तहलाई यस सूचक वापत तोकिएको अङ्कभार स्थानीय तहगत उतिर्ण प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ र राष्ट्रिय औषत प्रतिशत भन्दा कम प्रतिशत उतिर्ण दर हुने स्थानीय तहलाई यस सूचक वापत तोकिएको कुनै अङ्क प्रदान गरिनेछैन। यस सूचक वापत अङ्कभार ३ तोकिएको छ। यस सूचक

सदस्य सदस्य सदस्य अध्यक्ष

वापत स्थानीय तहलाई तालिका ७ मा उल्लेख गरिएको विधि अनुसार अङ्क गणना गरि प्रदान गरिनेछ ।

प्रत्येक स्थानीय तहले माध्यमिक शिक्षा परिक्षाको नतिजा प्रकाशित भएको एक महिना भित्रमा आफ्नो क्षेत्र भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परिक्षामा सहभागि भएका विद्यार्थीको संख्या र कम्तीमा स्तरीकृत अंक (GPA) १.६ वा सो भन्दा उच्च GPA प्राप्त गरी उतिर्ण भएका विद्यार्थीको संख्या अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट यस सम्बन्धी तथ्याङ्क प्राप्त गरी स्थानीय तहले प्रेषित गरेको विवरणको सत्यापन गर्नेछ।

## १४. चार (४) पटक गर्भ जाँच गर्ने महिलाको अनुपातः

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुःल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। नागरिकको आधारभूत आवश्यकता सम्बन्धी नीतिमा गुणस्तरीय स्वास्थ्य सेवाको सहज,सुलभ र समान पहुँचको सुनिश्चितता गरेको छ। संविधानको अनुसूची ८ ले आधारभूत स्वास्थ्यलाई स्थानीय तहको अधिकारको सूचीमा समावेश गरेको छ। पन्ध्रौं योजनाले प्रोटोकल अनुसार कम्तीमा चार पटक गर्भवती जाँच गराउने महिला ८१ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ।

स्वस्थ नागरिक निर्माणको लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका रहेको हुन्छ। आधारभूत स्वास्थ्य सम्बन्धी अधिकार स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भएकोले यस कार्यका लागि स्थानीय तहको लगानी अपरिहार्य रहेको छ। संरचनागत हिसाबले प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने लक्ष्य अनुरुप यसको स्थापना हुदै गएको छ।

गर्भावस्था देखि नागरिकको स्वस्थ हुने नैसर्गिक अधिकार भएकाले प्रत्येक गर्भवती आमाले नजिकको स्वास्थ्य संस्थामा गई तोकिएको समयमा गर्भ जाँच गराउनु पर्छ। सो वापत प्रोत्साहन दिने कार्यक्रम सरकारले कार्यान्वयनमा ल्याएको छ भने स्थानीय तहले प्रोत्साहनका बिभिन्न प्याकेजहरू र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरीरहेका छन्। संवैधानिक रुपमा अधिकार सम्पन्न र स्वायत्त सरकारको रुपमा स्थानीय तह रहेका छन्। स्थानीय सरकारले आफ्नो नागरिकलाई सुखी, खुसी र सम्पन्न गराउने पहल गर्नुपर्छ। स्थानीय तह सवल भएमा स्थानीय तहभित्रका नागरिकको स्वास्थ्य स्थिति सुधार गर्न लगानी गर्न सक्ने भएकोले यस्तो कार्यबाट समग्रमा सिङ्गो राष्ट्रका नागरिक स्वस्थ्य र सबल हुने स्थिति बन्न सक्दछ ।

स्वस्थ वच्चा जन्माउने र आमा तथा बच्चाको अकालमा हुने मृत्युलाई न्यूनीकरण गर्न तोकिएको समयमा चार पटक गर्भ जाँच गर्ने व्यवस्था कार्यान्वयनमा आएको छ। चार पटक गर्भ जाँच अन्तर्गत पहिलो जाँच गर्भ रहेको चौथो महिनामा, दोस्रो जाँच छैठौ महिनामा, तेस्रो जाँच आठौ महिनामा र चौथो जाँच नौ महिनामा गर्ने अभ्यास रहेको छ।

सदस्य सदस्य सदस्य अध्यक्ष

स्थानीय तहहरूले गर्भवती महिलाको स्वास्थ्य जाचँ गर्ने कार्यमा कस्तो प्रगति गरेका छन भन्ने मापन गर्न यो सूचकको व्यवस्था गरिएको छ । यस अन्तर्गत स्थानीय तह भित्र रहेका कुल गर्भवति महिलाको संख्याले चार पटक गर्भ जाँच गराउने महिलाको सख्यालाई भाग गरी स्थानीय तहगत गर्भ जाँच प्रतिशत गणना गरिनेछ । शतप्रतिशत महिलाको गर्भ जाँच गराउने स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने गर्भ जाँच प्रतिशत राष्ट्रिय औंषत गर्भ जाँच प्रतिशतभन्दा बढि भएका स्थानीय तहलाई यस सूचक वापतको अङ्क स्थानीय तहगत प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ र राष्ट्रिय औषत प्रतिशत भन्दा कम प्रतिशत गर्भ जाँच गराउने स्थानीय तहलाई यस सूचक वापत अङ्क प्रदान गरिनेछैन। यस सूचक वापतको अङ्कभार ३ तोकिएको छ। यस सूचक वापत स्थानीय तहलाई तालिका ७ मा उल्लेख गरिएको विधि अनुसार अङ्क गणना गरि प्रदान गरिनेछ ।

प्रत्येक स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र स्थानीय तह भित्र रहेका कुल गर्भवति महिलाको संख्या र त्यसमध्ये स्वास्थ्य संस्थामा गर्भ जाँच गराएका महिलाको संख्या सम्बन्धी विवरण अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ र यो विवरण प्रत्येक महिना प्रतिवेदन गरिने स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीसँग मेल खाएको हुनुपर्नेछ। आयोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस सम्बन्धी विवरण प्राप्त गरी यस सूचकको कार्य प्रगतिको सत्यापन गर्नेछ।

**१५. कुल गर्भवति महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात।**

पन्ध्रौं पञ्च वर्षिय योजनाले दक्ष स्वास्थ्यकर्मिको (SBA) को सहयोगमा स्वास्थ्य संस्थामा जन्मिएका बालबालिका ७९ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ। स्वास्थ्य संस्थामा नगई वा दक्ष स्वास्थ्यकर्मीको सहयोग विना घरै बसी सुत्केरी हुंदा आमा तथा नवजात शिशुमा अनेकौं स्वास्य्य सम्बन्धी जटिलताहरू व्यहोर्न पर्ने हुन सक्दछ र यसले गर्दा आमा र वच्चाको ज्यान खतरामा पर्न सक्तछ। यसर्थ, स्वास्थ्य संस्थामा गई वा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी हुने महिलाको संख्याको आधारमा स्थानीय तहको कार्य सम्पादन मापन गरिदा स्थानीय तहहरूले आमा र बच्चालाई रोग लाग्ने र अकालमा हुने मृत्युको संख्यामा कमि ल्याउने सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तर्फ प्राथमिकता दिन सक्ने देखिन्छ ।यसबाट नागरिकको स्वास्थ्य सम्बन्धी चेतना पनि वृद्धि हुनगई समग्रमा मातृ तथा बाल मृत्युदर घटाउन सहयोग पुग्न सक्दछ

यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्र रहेका कुल गर्भवती महिला मध्ये स्वास्थ्य संस्थामा गई वा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी भएका महिलाको संख्याको आधारमा स्वास्थ्य सँस्थामा सुत्केरी हुने महिलाको प्रतिशत गणना गरिनेछ। स्थानीय तहमा रहेका शतप्रतिशत

गर्भवति महिला स्वास्थ्य सँस्थामा गई वा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी भएको पाइएमा त्यस्तो स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने राष्ट्रिय औसत दरको तुलनामा बढि प्रतिशत स्वास्थ्य संस्थामा सुत्केरी गराउने स्थानीय तहलाई यस सूचक वापत तोकिएको अङ्क स्थानीय तहगत प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ र राष्ट्रिय औषत प्रतिशतभन्दा कम प्रतिशत गर्भवति महिलालाई स्वास्थ्य सँस्थामा सुत्केरी गराउने स्थानीय तहलाई यस सूचक वापतको अङ्क प्रदान गरिनेछैन। यस सूचक वापत अङ्कभार ३ तोकिएको छ। यस सूचक वापत स्थानीय तहलाई तालिका ७ मा उल्लेख गरिएको विधि अनुसार अङ्क गणना गरि प्रदान गरिनेछ ।

प्रत्येक स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र स्थानीय तह भित्र रहेका कुल गर्भवती महिलाको संख्या र त्यसमध्ये स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाको संख्या सम्बन्धी विवरण अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ र यो विवरण प्रत्येक महिना प्रतिवेदन गरिने स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीसँग मेल खाएको हुनुपर्नेछ। आयोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस सम्बन्धी विवरण प्राप्त गरी यस सूचकको कार्य प्रगतिको सत्यापन गर्नेछ।

**१६. पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट),पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कलेरा ) सुविधा लिएका जन्मे देखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात।**

पन्ध्रौं योजनाले पूर्ण खोप पाउने बालबालिकाको संख्या ९५ प्रतिशत पुर्याउने लक्ष्य लिएको छ। हाल नेपाल सरकारले संचालन गरेका ७ किसिमका खोपहरू जन्मे देखि २४ महिना उमेर समूहका बालबालिकालाई अनिवार्य उपलब्ध गराउनुपर्ने भएकोले प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रहेका पूर्ण खोप सुविधा पाउनुपर्ने बालबालिकाहरूमध्ये कति प्रतिशतलाई यो सुविधा प्रदान गर्न सकेको छ सो मापन गरी स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन गरिनेछ। यसमा सम्बन्धित स्थानीय तहभित्र एक निश्चित समय विन्दु ( cutoff date) मा रहेका जन्मेदेखि २४ महिना उमेर समूहका बालबालिकाको कुलसंख्यामा पूर्ण खोप सुविधा प्राप्त गरेका बालबालिकाको संख्या तुलना गरी स्थानीय तहको पूर्ण खोप प्रगति प्रतिशत गणना गरिनेछ। शतप्रतिशत बालबालिकालाई पूर्ण खोप सुविधा उपलब्ध गराउने स्थानीय तहलाई यस सूचक वापत तोकिएको शतप्रतिशत अङ्क प्रदान गरिनेछ भने राष्ट्रिय औषत पूर्ण खोप सुविधा प्रतिशत भन्दा बढी खोप सुविधा उपलब्ध गराउने स्थानीय तहलाई यस सूचक वापत तोकिएको अङ्क स्थानीय तहगत खोप सुविधा प्रतिशतको समानुपातिक आधारमा प्रदान गरिनेछ र राष्ट्रिय औषत पूर्ण खोप सुविधा प्रतिशत भन्दा कम पूर्ण खोप सुविधा प्रतिशत भएका स्थानीय तहलाई यस सूचक वापत कुनै अङ्क प्रदान गरिने छैन। यस सूचक वापत अङ्कभार

सदस्य सदस्य सदस्य अध्यक्ष

३ तोकिएको छ। यस सूचक वापत स्थानीय तहलाई तालिका ७ मा उल्लेख गरिएको बिधि अनुसार अङ्क गणना गरि प्रदान गरिनेछ ।

प्रत्येक स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र स्थानीय तह भित्र रहेका पूर्ण खोप लगाउन पर्ने जन्मे देखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको संख्या र पूर्ण खोप लगाएका बालबालिकाको संख्या सम्बन्धी विवरण अनलाइन पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। आयोगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस सम्बन्धी विवरण प्राप्त गरी यस सूचकको कार्य प्रगतिको सत्यापन गर्नेछ।

**१७. आयोगले कार्य सम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा कार्य सम्पादन सूचक सम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि (Upload) गरे/नगरेको।**

आयोगबाट कार्य सम्पादनमा आधारित वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनको लागि स्थानीय तहको कार्य सम्पादन मापन गर्न तय गरिएका माथि सि.नं. १ देखि १७ सम्मका सूचकहरूमध्ये स्थानीय तहबाट सम्पादन भएका कार्यको प्रगति प्रमाणित गर्ने दस्तावेज सहित तत् तत् सूचकमा उल्लेख गरिएको समय सिमा भित्र आयोगलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने प्रयोजनको लागि आयोगले एक अनलाइन पोर्टल तयार गरी आयोगको वेभसाइटमा समावेश गरी राखेछ। स्थानीय तहले प्रत्येक सूचकको कार्य प्रगति सो सूचकमा उल्लेख भएको समय सिमा भित्रै यस पोर्टलमा प्रविष्टि गर्नुपर्नेछ। साथै सो कार्यलाई प्रमाणित गर्ने दस्तावेज समेत पोर्टलमा अपलोड गर्नुपर्नेछ। यसरी प्रतिवेदन गरिएको अवस्थामा यस सूचक वापत तोकिएको अङ्क प्रदान गरिनेछ भने आंशिक रुपमा मात्र प्रतिवेदन गरेमा वा पोर्टलको प्रयोग नगरेमा यस सूचक वापतको अङ्क प्रदान गरने छैन। यस सूचकको लागि अङ्कभार ६ तोकिएको छ।

अनलाइन पोर्टल निर्माण भई प्रयोगमा आएको पहिलो पटकको लागि पोर्टल प्रयोग गर्ने अनुमति प्राप्त भएको एक महिना भित्र स्थानीय तहले प्रविष्टि गर्नुपर्ने गरी तय भएका माथिका सूचकहरूको जानकारी प्रविष्टि गरि दस्तावेज अपलोड गरेमा यस सूचकको कार्य सम्पादन भएको मानि यस सूचक वापत तोकिएको अङ्कभार प्रदान गरिनेछ।

सदस्य सदस्य सदस्य अध्यक्ष

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं

अनुसूची ५

(दफा ९ सँग सम्बन्धित)

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्य सम्पादन मूल्याङ्कनको नतिजा पुनरावलोकनका लागि पेश गर्ने निवेदनको ढाँचा

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,
सिहदरबार काठमाडौं।

विषय : आ.व. २० ...।...।... को कार्य सम्पादन सूचक मूल्याङ्कनको नतिजा पुनरावलोकन सम्बन्धमा।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) को प्रयोजनका लागि तहाँ आयोगद्वारा गणना गरी वेभसाइटमा प्रकाशन गरिएको यस ... प्रदेश/ ... पालिको आ.व. २०.. / ... को कार्य सम्पादन मूल्याङ्कन नतिजा मध्ये देहायका सूचकको नतिजा प्रति सहमति हुन नसकेको हुँदा यस ... प्रदेश/ ... पालिकाको आ.व. २० .../... को देहायका सूचकहरूको कार्य सम्पादन अवस्था प्रमाणित गर्ने आवश्यक कागजात तथा विवरण सहित पठाइएको छ। अतः ती सूचकको मूल्यांङ्कन नतिजा पुनरावलोकन गरी दिनुहुन अनुरोध छ।

| क.सं. | कार्य सम्पादन सूचक | कार्यान्वयन अवस्था | संलग्न प्रमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

निवेदक
दस्तखत
नाम :
पद :
फोन नं. :
मोबाइल नं. :
इमेल :

सदस्य सदस्य सदस्य अध्यक्ष